मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ८० ★ ने. सं. ११४४ चौला थ्व, चतुर्थी ★ शुक्रबार ★ ३० चैत, २०८० ★ April 12, 2024, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## शिक्षकहरूप्रति सरकारको दृष्टिकोण सकारात्मक नभएकै कारण सार्वजनिक शिक्षा खस्किँदै




भक्तपुर, २९ चैत । सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समितिको आयोजनामा बिहीबार सेवा निवृत्त शिक्षकहरूलाई सम्मान गरियो ।

शिक्षक दिवसको अवसरमा पारेर भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले शिक्षकहरू प्रविधिमैत्री भई शिक्षा क्षेत्रमा भइरहेको क्रियाकलाप र शिक्षण सिकाइ प्रविधिबारे जानकार भइरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शिक्षकहरूप्रति सरकारको दृष्टिकोण सकारात्मक नभएकै कारण सार्वजनिक शिक्षा खस्किँदै गएको धारणा उहाँले व्यक्त गर्नुभयो ।

देशभक्त, अन्याय र थिचोमिचोविरूद्ध लड्ने विद्यार्थी तयार गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले शिक्षकहरू इमानदार र देशभक्त हुनुपर्ने बताउनुभयो ।

विदेशी पुँजीले हाम्रो देशको हित नगर्ने स्पष्ट पार्दै उहाँले विदेशी पुँजी ल्याई देशको विकास गर्ने अर्थमन्त्रीको दृष्टिकोण गलत छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष रोशनराज तुइतुईको सभापतित्वमा भएको कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय सदस्य अम्बिका न्याइच्याई, आदर्श आजाद माविका प्रअ श्रीकृष्ण किसी, भुवनेश्वरी माविका प्रअ सुभद्रा लघु, कार्यालय सचिव लक्ष्मीनारायण दुवाल र निवृत्त शिक्षक राजेन्द्र कायष्ठले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले अवकाश प्राप्त ८ जना शिक्षकहरूलाई सम्मान गर्नुभएको थियो ।

## पथप्रदर्शकहरूले देशको सार्वभौमिकता जोगाउने कार्यमा सहयोग पुऱ्याउन आवश्यक




भक्तपुर, २९ चैत । "पथप्रदर्शकहरूले कुनै स्थानको भूगोल र संस्कृतिबारे जानकारी राख्न जरूरी हुन्छ । बेलायत र फ्रान्सको क्रान्ति र अमेरिकी स्वतन्त्रता आन्दोलनबारे पनि पथ प्रदर्शकहरूले अध्ययन गर्नु आवश्यक छ ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले बिहीबार भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिको आयोजनामा सम्पन्न स्थानीय पथप्रदर्शकहरूको भेला तथा नयाँ वर्ष २०८१ साल र बिस्केट जात्राको शुभकामना आदानप्रदान कार्यक्रममा बताउनुभएको हो ।

गरिब देशको कच्चा सामान र बजार कब्जा गर्न साम्राज्यवादीहरूबिचको होडबाजीको कारण पहिलो र दोस्रो विश्वयुद्ध भएको धारणा उहाँले व्यक्त गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "समाजवादमा उत्पादनका मुख्य मुख्य साधान र सेवा समाजिकीकरण वा राष्ट्रियकरण हुन्छ । समाजवादी व्यवस्थाको सुरुमा पुँजीवादी व्यवस्थाको खरावी बाँकी रहनेछ । पुँजीवादी संस्कार भएकाहरूलाई समाजवादी विचारबाट प्रशिक्षित गर्नु जरूरी हुन्छ ।"

"नेपालमा कम्युनिस्ट दाबी गरेकाहरू सरकारमा गएर पुँजीपति वर्गको सेवा गर्दै छन् । युरोप र अमेरिकाका दास व्यापारीहरूले अफ्रिकीहरूलाई दास बनाएर व्यापार गरेझैँ दुईसय वर्षपछि नेपालमा सरकारमा गएका दलहरूले नेपाली युवालाई म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीको नाममा नेपाली युवालाई १७१ देशमा सस्तो ज्यामीको बन्न पठाउँदै छन्", उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीदेखि २०४७ सालपछि इन्डिया बस्न गएका राणाहरूको लागि चेलीबेटी बेचविखन र अहिले दिनको सात हजार नेपालीलाई विदेश पठाउने सरकारी नीतिको विरोध गर्दै आएको सांसद सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "पर्यटक पथप्रदर्शकहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय जानकारीमा राख्नु उचित हुन्छ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका संयोजक रवीन्द्र ज्याख्वले भक्तपुरलाई पर्यटकीय

***बाँकी पृष्ठ ८ मा***

## पूर्वाञ्चल विश्वविद्यालयको आयोजनामा भूकम्प इन्जिनियरिङसम्बन्धी पाठ्यक्रम विकास कार्यशाला




भक्तपुर, २९ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायको आयोजनामा भएको स्नातकोत्तर तह भूकम्प इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूको दोस्रो, तेस्रो र चौथो सेमेस्टरको पाठ्यक्रम विकाससम्बन्धी कार्यशालाको बिहीकार एक कार्यक्रमबिच उद्घाटन गर्नुभएको छ ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा भएको कार्यशालाको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले उत्पादन श्रमसँग जोड्ने शिक्षा आजको आवश्यकता भएको बताउँदै विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा दिनुपर्नेमा जोड दिनुभयो ।

अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्था जस्तो मात्र बनेको बताउँदै उहाँले विद्यार्थीहरूलाई बिदेसिनबाट रोक्ने नीति सरकारले ल्याउनुपर्ने बताउनुभयो ।

नेपालको लागि भूकम्पसम्बन्धी इन्जिनियरिङ अत्यन्त महत्त्वपूर्ण विषय भएको चर्चा गर्दै उहाँले २०७२ सालको भूकम्पबाट पुगेको क्षतिलाई ख्वप इन्जिनियरिङ कलेजको प्राविधिक सहयोगमा क्षतिग्रस्त अधिकांश सम्पदाहरूको भक्तपुर नगरपालिकाले पुन:निर्माण तथा जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजले भूकम्पसम्बन्धी नयाँ नयाँ ज्ञान हासिल गरी देशको निम्ति सक्दो बढी योगदान दिने उद्देश्यले नियमितरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको बताउँदै प्रमुख प्रजापतिले २०८१ सालमा माघ महिनामा भूकम्प इन्जिनियरिङसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन र २०८२ साल माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं पूर्वाञ्चल विश्वविद्यालयका डीन देवीप्रसाद भट्टराईले पाठ्यक्रमसम्बन्धी कार्यशालाहरू निरन्तर चलिरहने प्रक्रिया भएको औँल्याउँदै पाठ्यक्रम नेपालको माटो सुहाउँदो हुनुपर्ने र पाठ्यक्रम परिमार्जनमा यस कुरालाई ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले भूकम्प इन्जिनियरिङसम्बन्धी र अन्य विषयमा अनिवार्य इन्टर्नसीपको व्यवस्था गरेको बताउँदै आङ्गिक र सामुदायिक कलेजबिच तथा सामुदायिक स्कूल र सामुदायिक कलेजहरूबिच समन्वय आवश्यक भएको बताउनुभयो ।

***बाँकी पृष्ठ ८ मा***

मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फलसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नगर प्रमुख प्रजापतिद्वारा शैक्षिक अनुभव विमोचन



भक्तपुर, २९ चैत । सेवा निवृत्त शिक्षक समाज भक्तपुरको ४५ औँ शिक्षक दिवसको अवसरमा सेवा निवृत्त शिक्षक सम्मान, १४ औँ शैक्षिक अनुभव विमोचन तथा नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम बिहीबार सम्पन्न भयो ।

शैक्षिक अनुभव पुस्तक विमोचन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सेवा निवृत्त शिक्षकहरूको जीवनका भोगाइ र अनुभव आफैँमा नयाँ पुस्ताका लागि अमूल्य सम्पत्ति भएको हुँदा ती अनुभवलाई लिपिबद्ध गर्नुपर्ने बताउनुभयो ।

उहाँले सङ्कटलाई अवसरको रूपमा सदुपयोग गर्न सके सफलता मिल्ने बताउँदै भक्तपुर नगरपालिकाले धेरै चुनौतीहरू पार गर्दै देशकै नमुना र उदाहरणीय बन्न सफल भएको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नपाको उद्देश्य रहेको प्रस्ट पार्दै उहाँले शैक्षिकरूपमा अगाडि बढेको देशको विकास र समृद्धि पनि छिटो हुने बताउनुभयो ।

न्यायालयप्रति जनताको विश्वास घट्दै जानुमा शासक दलहरू दोषी रहेको बताउँदै उहाँले सचेत नागरिकहरूले जहिल्यै देशबारे चिन्तन गर्छन् भन्नुभयो । उहाँले आत्मनिर्भर हुने शिक्षा आजको आवश्यकता भएको औँल्याउँदै सेवा निवृत्त शिक्षकहरूको सक्रियताले समाजलाई सही दिशामा लान मद्दत पुग्ने बताउनुभयो ।

शैक्षिक अनुभव पुस्तकका सम्पादक ज्ञानसागर प्रजापतिले सेवा निवृत्त शिक्षक समाजको नियमित पत्रिका शैक्षिक अनुभव पुस्तकको समीक्षा गर्दै पुस्तकमा सेवानिवृत्त शिक्षकहरूको शैक्षिक अनुभव, शिक्षकहरूको पेन्सनबारे उठाइएका आवाजहरू, जीवनी, जीवन सङ्घर्ष, शिक्षा विधेयकबारे नेमकिपाको धारणा, यात्रा संस्करण, कवितालगायत सन्देशमूलक र प्रेरणादायी लेखहरू समाविष्ट रहेको बताउनुभयो ।

समाजका सदस्य भोजराज बस्नेतले आफ्नो शैक्षिक अनुभव सुनाउँदै राजनीतिका विकृत रूपहरूबारे प्रकाश पार्नुभयो ।

समाजका अध्यक्ष अम्बिकामान मानन्धरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष रामगोपाल कर्माचार्य, कोषाध्यक्ष विश्वराम कवां, तुल्सीराम ग्वाछ्वाले सेवा निवृत्त शिक्षक समाज स्थापनाबाट शिक्षकहरूको हकहित सुनिश्चित गर्न शिक्षकहरूलाई सङ्गठित र सचेत पार्ने अवसर मिलेको बताउँदै सेवा निवृत्त शिक्षकहरू अझ सबल र सक्षम ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

# जधारीको 'विश्व प्रसिद्ध भक्तपुरको बिस्का: जात्रा' नामक पुस्तक लोकार्पण

भक्तपुर, २९ चैत । मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, लैकोको आयोजनामा मुक्तिसुन्दर जधारीद्वारा लिखित 'विश्व प्रसिद्ध भक्तपुरको बिस्का: जात्रा' नामक पुस्तक लोकार्पण कार्यक्रम बिहीबार एक समारोहबिच सम्पन्न भएको छ ।



कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईले पुस्तक विमोचन गर्दै भक्तपुरमा जात्रा, पर्व, संस्कृति जीवन्त रहेको उल्लेख गर्दै कामदारवर्गले संस्कृति संरक्षण गर्दै आएको चर्चा गर्नुभयो । उहाँले हाम्रा पुर्खाहरू वैज्ञानिक रहेको र भैलख: निर्माणको कलात्मक प्रविधि विश्वकै लागि अनुपम नमुना रहेको बताउनुभयो । पुस्तक प्रकाशन एक महत्त्वपूर्ण उपलब्धि भएकोले यसलाई निरन्तरता दिनुपर्ने र पुस्तकको अन्तरक्रिया पनि गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

भक्तपुर जात्राको राजधानी रहेको चर्चा गर्दै इतिहासविद् पुरुषोत्तम लोचन श्रेष्ठले भक्तपुरको बिस्का जात्रा संसारभरि प्रसिद्ध रहेकोले पुस्तक विमोचनले बिस्का जात्राको अध्ययन अनुसन्धान गर्ने शोधार्थी तथा अनुसन्धानकर्तालाई मद्दत पुग्ने बताउनुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका कार्यालय प्रमुख खिमा ओलीले बिस्का जात्रासम्बन्धी पुस्तकबारे आउँदा दिनमा थप खोज तथा अनुसन्धान गर्न अनुरोध गर्नुभयो ।

संस्कृतिप्रेमी अनन्तप्रसाद धौभडेलले पुस्तकले भक्तपुरको गौरव राख्न सफल हुने र पुस्तक अध्ययन गरी कमीकमजोरी औँल्याउनुपर्ने बताउनुभयो ।

संस्कृतिकर्मी तथा अभियन्ता गणेशराम लाछिले सङ्गीत प्रवर्द्धनमा परिवार लागिपर्नु स्वागतयोग्य भएको र नेवार समुदायमा हराएको मुहाली बाजा संरक्षणमा मुक्ति प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । भक्तपुर नाचगान र जात्राको सहरको रूपमा परिचित भएको उहाँले बताउनुभयो ।

नेपाल चेम्बर्स अफ कमर्सका केन्द्रीय सदस्य रोशन भोयद्योले मुक्ति प्रतिष्ठानले भक्तपुरको परम्परागत देवी नाच साथै मौलिक संस्कृतिमा नयाँ पुस्ता तयार गरिँदै आएको सराहनीय काम भएको बताउनुभयो ।

लेखक मुक्ति सुन्दर जधारीले कुनै पनि पुस्तक लेखन सहज नभएको र पुस्तकमा समावेश भएका लेखहरूमा सल्लाह सुझावको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा प्रतिष्ठानका सचिव रशिक जधारीले स्वागत मन्तव्य दिनुभएको थियो ।

# मङ्गले राहुघाट जलविद्युत् आयोजनाको सुरुङ पूरा

म्याग्दी, २९ चैत (रासस) । म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ३७.५ मेगावाट क्षमताको मङ्गले राहुघाट जलविद्युत् आयोजनाको सुरुङ 'ब्रेक थ्रु' भएको छ ।

तुँदी पावर कम्पनी प्रवर्द्धक रहेको आयोजनाको बाँध बनेको रघुगङ्गा गाउँपालिका-८ बन्दीको अडिट १ र खरिबोटस्थित अडिट २ जोड्ने सुरुङको बुधबार साँझ ब्रेक थ्रु भएको हो । आयोजनाका आवासीय इन्जिनियर प्रकाश तिमिल्सिनाले अडिट १ र २ जोड्ने एक हजार नौ सय मिटर लामो सुरुङ छेडिएको जानकारी दिनुभयो ।

"अडिट २ र मलाङस्थित अडिट ३ जोड्ने एक हजार आठ सय मिटर लामो सुरुङ यसअघिनै जोडिएको थियो", उहाँले भन्नुभयो, "बाँधदेखि विद्युत्गृहमा पानी लैजान पाँच हजार तीन सय २८ मिटर लामो सुरुङ निर्माण भएको छ ।"

सुरुङ छेडिएपछि प्रवर्द्धक, सिभिल ठेकेदार एसियन इन्फ्रास्ट्रक्चरका प्राविधिक र कर्मचारीहरूले खुसियाली मनाएका छन् । तीन वर्षअघि चार ठाउँबाट सुरुङ निर्माण सुरु भएको थियो ।

बाँध नजिकै पानी थिग्र्याउने पोखरी निर्माण सकिएको छ । मलाङको 'आउटलेट'देखि चिमखोलाको बगरखोला र राहुघाटको दोभानमा निर्माणाधीन बाँध जोड्ने नौ सय मिटर पाइप लाइन जडान भइरहेको छ । तीन सय मिटर 'पेनस्टक' पाइप जोड्न बाँकी छ । आउटलेट र विद्युत्गृहको उचाइ तीन सय ५० मिटर छ । विद्युत्गृह निर्माणलाई अन्तिमरुप दिनुका साथै 'इलेक्ट्रोमेकानिकल' उपकरण जडानको ४० प्रतिशत काम पूरा भएको छ ।

तुँदीले राहुघाटमा एकै साथ दुई वटा जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । मङ्गले राहुघाटको विद्युत्गृह नजिकै बगरखोलाको पानी मिसाएर ४८ दशमलव ५ मेगावाट विद्युत् उत्पादन गर्ने अर्को अपर राहुघाट जलविद्युत् आयोजना निर्माणाधीन छ ।

करिब रु. १४ अर्ब लागतमा विसं २०७७ मा सुरु भएका दुईवटै आयोजनाको ८५ प्रतिशत भौतिक निर्माण पूरा भएको इन्जिनियर तिमिल्सिनाले बताउनुभयो । बगरदेखि दग्नाम गाउँको फेदीमा निर्माणाधीन विद्युत्गृह जोड्ने अपर राहुघाटको चार हजार नौ सय मिटर लामो सुरुङ ६ महिनाअघि निर्माण भएको थियो ।

अपर राहुघाटको विद्युत्गृह ७५ प्रतिशत र बाँध निर्माणको ५० प्रतिशत भौतिक प्रगति भएको छ । मङ्गले राहुघाटको सन् २०२४ को डिसेम्बर र अपर राहुघाटको जुन महिनामा विद्युत् उत्पादन गर्ने तयारी छ ।

# मिवाछेँमा शुभकामना आदानप्रदान

भक्तपुर, २९ चैत । मिवाछेँ टोल विकास व्यवस्थापन उपभोक्ता समितिको आयोजनमा नव वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै काम गरेको बताउँदै शिक्षामा जोड दिएको कारण समाज अगाडि बढेको बताउनुभयो । भक्तपुरका जनतालाई शैक्षिक ऋण, छात्रवृत्तिको व्यवस्था गरेको उल्लेख गर्दै अक्सिजन र रगत पनि निःशुल्क वितरण गरिरहेको उहाँले बताउनुभयो । देको मिवा इतापाके जग्गा एकीकरण आयोजना नाफाको लागि नभई अव्यवस्थित क्षेत्र व्यवस्थित गर्न जग्गा एकीकरण आयोजना गरेको उहाँले बताउनुभयो ।

२ नं. वडाका वडाध्यक्ष हरिप्रसाद बासुकलाले युवा उद्यमशीलता ऋण प्रदान गर्न लागेको बताउनुभयो ।

कार्यक्रममा रत्नकाजी नायभारी, श्यामसुन्दर मातां, उमेश प्रधानले पनि बोल्नुभएको थियो भने सहभागीहरूबाट व्यक्त जिज्ञासामाथि नगर प्रमुख प्रजापतिले प्रस्ट पार्नुभएको थियो ।

# छिकोङ व्यायाम निरन्तर सञ्चालन गर्न आवश्यक

भक्तपुर, २९ चैत । भक्तपुर नगरपालिका १० वडा छिकोङ व्यायाम समूहको आयोजनामा बिहीबार नयाँ वर्ष तथा बिस्का जात्राको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं प्रदेशसभा सांसद सृजना सैजूले विगत पाँच महिनादेखि सञ्चालित छिकोङ व्यायाम निरन्तर सञ्चालन गर्न जरुरी रहेको बताउनुभयो ।

उहाँले व्यायामलाई बिहान बेलुका दुई समय गर्नसके अझ प्रभावकारी हुने बताउनुभयो । कडा परिश्रम गर्न नपर्ने व्यायाम भएकोले ४० वर्षमाथि उमेर समूहको निम्ति लाभान्वित हुने यो व्यायामले मानसिक रोगलगायत विभिन्न रोगबाट ठाढा हुने बताउनुभयो ।

उहाँले पुरुषको तुलनामा महिलाहरूमा ४२ वटा बढी रोग लाग्ने सम्भावना भएकोले महिला दिदी बहिनीहरू व्यायाममा सक्रिय हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं १ का वडाध्यक्ष तथा भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खानपिनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा १० वडाका वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, कृष्णनारायण दुमरु, जितेन्द्र मुनकर्मी, लक्ष्मीप्रसाद चवाल तथा छिकोङ प्रशिक्षक कमल कोजुले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

# सरसफाइ तथा शुभकामना कार्यक्रम

भक्तपुर, २९ चैत । भक्तपुर नगरपालिका वडा नं. ८ लिबालीस्थित इन्जिनियरिङ चोक लाँपु ग्वाहाली पुचः, छिमेकी महिला समूह तथा लिबाली समूहको संयुक्त आयोजनामा सरसफाइ तथा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।



सरसफाइपछि आयोजित शुभकामना कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले घरदेखि नै आफ्नो छोरा नातिलाई सफा गर्ने र राम्रो संस्कार सिकाउनुपर्नेमा जोड दिनुभयो ।

आ-आफ्नो घर आँगन, चोक सफा राख्न कुहिने र नकुहिने फोहर छुट्याउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले वैशाख ८ गते शनिबार समाज सुधार माविको प्राङ्गणमा पाठेघर परीक्षण हुने जानकारी दिनुभयो ।

ग्वाहाली पुचःका अध्यक्ष रत्नलाल साँदको सभापतित्वमा भएको सो कार्यक्रममा छिमेकी महिला समूहका अध्यक्ष मीना नकर्मी, बालकृष्ण साँद र लक्ष्मीप्रसाद रञ्जितले पनि बोल्नुभएको थियो ।

# ख्वप कलेजमा 'अनुसन्धान र मामला अध्ययन' विषयमा कार्यशाला गोष्ठी

भक्तपुर, २९ चैत । ख्वप कलेजको आयोजनामा 'एन एक्सचेन्च वर्कसप अन मिनिरिसर्च केस स्टडी मेथड टिचिङ' विषयमा बिहीबार एकदिने कार्यशाला गोष्ठी भयो ।

डा. मित्रबन्धु पौडेल र डा. स्मृतिकला पन्त स्रोतव्यक्ति रहेको उक्त कार्यशाला गोष्ठीमा अनुसन्धानको महत्त्व र अनुसन्धान गर्दा आइपर्ने समस्याबारे छलफल गरिएको थियो ।

कार्यक्रममा ख्वप कलेज र ख्वप मा.वि.का शिक्षकहरूको सहभागिता थियो ।

# शिक्षक दिवसमा नेक्राशिसङ्घद्वारा प्रवचन कार्यक्रम




भक्तपुर, २९ चैत । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा बिहीबार प्रवचन कार्यक्रम गरी शिक्षक दिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शासक दलहरूले जस्तोसुकै दुर्दशा भोगे पनि अन्तत: पदकै निम्ति तिनीहरूबिच हानथाप भइरहेको बताउनुभयो ।

अपराधलाई राजनीतीकरण र राजनीतिलाई अपराधीकरण गरिरहेका शासक दलहरूले भ्रष्टाचार र आर्थिक अनियमिततालाई निरन्तरता दिइरहेको उहाँको भनाइ छ ।

सांसद गोसाईले भन्नुभयो, "इज्जत, प्रतिष्ठा, नैतिकता, सिद्धान्त र विचारको सङ्कट भएकै कारण शासक दलहरूबाट देशमा आर्थिक मन्दी थपिएको हो । समुदायले बुझ्ने गरी, समाजले अनुभव गर्ने गरी शिक्षकहरूले सहभागितामूलक र अन्तरक्रियात्मक छलफल कार्यक्रमहरू ल्याउनुपर्छ ।"

विद्यार्थीहरूमा कक्षा १२ पछि विदेश जाने लहर चल्नुमा शासक दल, अभिभावक र शिक्षकहरूको पनि कमजोरी रहेको औँल्याउँदै उहाँले अङ्कको जोड घटाउतिर लागे जोसुकैले दु:ख पाउने भएकोले शिक्षकहरू सभ्य र उत्कृष्ट समाज निर्माणको लागि अग्रसर हुनुपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घका केन्द्रीय सहसचिव जगन्नाथ सुजखुले शिक्षक सङ्घले मावि तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क गर्न जोड दिए पनि हालसम्म सरकारले वास्ता नगरेको बताउनुभयो ।

उहाँले अग्रजहरूबाट भएको शिक्षक सङ्घर्ष र आन्दोलनबाट हासिल गरेको उपलब्धिलाई कदर गर्दै शिक्षा क्षेत्रमा असल र सक्षम शिक्षकको आवश्यकता रहेको चर्चा गर्नुभयो ।

बासु मा.वि.का प्रअ अम्बिका न्याइच्याइँले वि.सं २०२८ सालको शिक्षा ऐनलाई टेकेर काम गरिरहेका शिक्षकहरूलाई शिक्षा विधेयक २०८० ले अप्ठ्यारो पारेको धारणा राख्दै नि:स्वार्थ र प्रविधिमैत्री शिक्षाका लागि अध्ययनको परम्परालाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष गणेशराम थुसाले शिक्षक सङ्घर्षमा अग्रजहरूको योगदानलाई कदर गर्दै उहाँले शिक्षकको सीप र साधनलाई देश र जनताको हितमा सही सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

राजन लाखा, घनश्याम खड्कालगायतले बोल्नुभएको कार्यक्रममा जोरपाटी माविका प्रधानाध्यापक हरिप्रसाद ढकालले कविता वाचन गर्नुभएको थियो ।

# अन्तरप्रदेश बक्सिङ प्रतियोगिता चालु



चितवन, २९ चैत । प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत बक्सिङ प्रतियोगिता संयोजक धनकुमार मैनालीको संयोजकत्वमा भएको सेमिफाइनलमा महिलाको ४८ केजी तौल समूहमा लुम्बिनी प्रदेशका मन्दिरा पौडेलविरुद्ध सुदूरपश्चिमका बिनिता जैसीबिच भएको खेलमा वाक ओभरको आधारमा मन्दिर पौडेलले जित हासिल गरिन् ।

५४ केजीमा वाग्मतीका रक्षा जिसीविरुद्ध कर्णालीका अन्जनी तेली युनिनमस डिसिजनको आधारमा जितिन् । त्यस्तै, कर्णालीका तुल्सी भण्डारीलाई कोशीका नारीका राईले आरएससी आवट क्लासमा जित हासिल गरिन् । ५७ केजीमा वाग्मतीका पेमा शेर्पाले मधेसका अंशु केसीलाई ५:० अङ्कले पराजित गरिन् । मधेसका निश्मा गुरुङलाई कोशीका जोनु लिम्बुले ४:१ अङ्कको आधारमा हराइन् । त्यस्तै कर्णालीका अलिना गुर्बाजूलाई वाग्मतीका नतिशा रानामगरले ३:२ अङ्कको आधारमा विजय हासिल गरेको वाग्मती प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

पुरुषहरूको खेलमा ४८ केजीमा गण्डकीका राजेश पाण्डेलाई लुम्बिनीका विशेष बुढा मगरले आरएससी आवट क्लासमा हराए । कर्णालीका मोहन गुरुङलाई वाग्मतीका मोहन गुरुङले ५:० अङ्कमा हराए । त्यस्तै ५१ केजीमा वाग्मतीका लालप्रसाद उप्रेतीले कर्णालीका लक्ष्मण राईलाई ४:१ अङ्कमा हराए । त्यस्तै कोशीका उपेन राईलाई लुम्बिनीका भरत पुनमगरले ५:० अङ्कले हराए । ५४ केजीमा लुम्बिनीका देवेन्द्र डाँगीलाई कोशीका डम्बरबहादुर श्रेष्ठले आरएससी आवट क्लासमा हराए । त्यस्तै कर्णालीका जीवनकुमार पुनलाई वाग्मतीका मदनकृष्ण डंगोलले आरएससी आउट क्लासको आधारमा विजय हासिल गरे । त्यस्तै ५७ केजीमा गण्डकीका चन्द्रबहादुर थापालाई कर्णालीका प्रवल उप्रेतीले ५:० अङ्कमा हराए । त्यस्तै कोशीका बलबहादुर पुनलाई वाग्मतीका निरञ्जन मोक्तानले ५:० अङ्कमा हराए । त्यस्तै ६० केजीमा लुम्बिनीका अनिलकुमार पुनमगरलाई कोशीका सिद्धवीर लिम्बुले ४:१ अङ्कमा हराए । गण्डकीका निश्चल गुरुङले कर्णालीका सागर श्रेष्ठलाई ५:० अङ्कमा हराए । ६३.५ केजीमा लुम्बिनीका अमर भुसाललाई कोशीका एक्लिस शाहीले ५:० अङ्कमा हराए । वाग्मतीका शोहन राईलाई सुदूरपश्चिमका महेन्द्र चन्दले ३:२ अङ्कमा हराए । ६७ केजीका वाग्मतीका दिनेश लामालाई कर्णालीका प्रशान्त सुब्बाले आरएससी आउट क्लासको आधारमा हराए । गण्डकीका आयुष तामाङलाई सुदूरपश्चिमका नवीन जागीले ५:० अङ्कमा हराए । ७१ केजीमा सुदूरपश्चिमका भरत चन्दलाई गण्डकीका निशान गुरुङले ४:१ अङ्कमा हराए । कोशीका तोबिन प्रधानलाई वाग्मतीका आश्विन धिरण श्रेष्ठले ५:० मा हराए । त्यस्तै ७५ केजीमा मधेसका कासाङ तामाङलाई गण्डकीका टार्जन धर्तीमगरले आरएससी आउट क्लासको आधारमा हराए । त्यस्तै कोशीका प्रशान्त दाहालले वाग्मतीका मेलिस लामालाई ५:० अङ्कमा हराए । त्यस्तै ८० केजीमा गण्डकीका यमबहादुर केसीलाई वाग्मतीका प्रशाङ शेर्पाले एबीडीमा हराए । त्यस्तै मधेसका सन्तोष खत्रीलाई सुदूरपश्चिमका बाला रावलले ५:० अङ्कमा हराए । ८६ केजीमा मधेसका विजय बाटालाई लुम्बिनीका प्रशान थापाले वाक ओभरमा हराए । त्यस्तै गण्डकीका किरण विकले वाग्मतीका उमङ्ग महर्जनलाई आरएससी आउट क्लासको आधारमा हराए । त्यस्तै ९२ केजीमा कोशीका हेमचन्द्र राईलाई वाग्मतीका प्रदीप तामाङले एबीडी आउट क्लासको आधारमा हराए । गण्डकीका सुनिल श्रेष्ठले सुदूरपश्चिमका आशुतोष पचेरालाई आरएससी आउट क्लासमा हराए । त्यस्तै, ९२ केजी माथिको तौलमा लुम्बिनीका सुजन थापामगरलाई वाग्मतीका करण तामाङले एबीडी आउट क्लासमा हराए । त्यस्तै इसाकजनक शाहीले गण्डकीका सुदिप गुरुङलाई आरएससी आउट क्लासको आधारमा जित हराएको वाग्मती प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

# बासस्थानमै चिडियाखाना निर्माण हुँदै

वीरगञ्ज (पर्सा) २९ चैत (रासस) । यहाँ सदर चिडियाखाना निर्माणको काम सुरु भएको छ । पर्सा राष्ट्रिय निकुञ्जले वीरगञ्ज महानगरपालिका-३१ को सोलखपुर र वडा नम्बर ३२ स्थित रामवनमा चिडियाखाना निर्माणको काम अघि बढाएको हो ।

पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षासहित चिडियाखाना निर्माण थालिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बताउनुभयो । "चिडियाखाना निर्माण हुने ५० हेक्टर क्षेत्रफलमा अहिले बार लगाउने काम भइरहेको छ", उहाँले भन्नुभयो ।

चिडियाखाना निर्माणको लागि करिब रु. तीन अर्बभन्दा बढी बजेट आवश्यक पर्ने र डीपीआर तयार भएपछि स्रोतको खोजी गरी निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइने उहाँले जानकारी दिनुभयो । चिडियाखाना पर्सा राष्ट्रिय निकुञ्जले निर्माण गर्ने र वीरगञ्ज महानगरपालिकाले त्यसलाई सञ्चालन गर्नेगरी सम्झौता भएको प्रमुख संरक्षण अधिकृत खतिवडाले बताउनुभयो ।

चिडियाखाना स्थापनाको लागि वीरगञ्ज महानगरपालिकाको वडा नं ३१ को सोलखपुर वडा नं ३२ को रामवन क्षेत्रमध्ये वीरगञ्ज महानगरपालिका वडा नं ३२ को रामवन क्षेत्रमा पर्ने सवैया साझेदारी वन उपभोक्ता समूहले आफ्नो साझेदारी वन क्षेत्रमा चिडियाखाना स्थापनाका लागि सहमति दिएको छ ।

सवैया साझेदारी वनको पूर्व सिमानामा पर्ने प्रस्तावित चिडियाखानाको क्षेत्रफल ५० हेक्टर रहेको घाँस बुटयान क्षेत्रले ३९ दशमलव ४ हेक्टर, सघन क्षेत्रले ७ दशमलव ५ र अतिक्रमण क्षेत्रले ३ दशमलव १ हेक्टर ओगटेको छ । उष्ण साल वन क्षेत्र रहेको सो वनमा मुख्य प्रजाति साल, कर्मा छभने कहिलेकहीं घुमन्ते बाघ देखिने त्यस क्षेत्रमा चित्तल, खरायो, दुम्सी, वन बिरालो, पुड्के बँदेल, चौंका, सुगा, मैना, गरुड र सारस पनि पाइन्छन् । उक्त क्षेत्रमा घस्रिने कृमिवर्गका गोमन, अण्डा खाने सर्प र मुसा खाने सर्प पनि पाइने भएकोले यहाँ चिडियाखाना बनाउन उपयुक्त हुने संरक्षण अधिकृत खतिवडाको कथन छ ।

# स्थानीय तहलाई विपद्को पूर्वतयारीमा जुट्न आग्रह

धुलिखेल (काभ्रेपलाञ्चोक), २९ चैत (रासस) बर्खायाम सुरु हुनुपूर्व जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लाका सबै पालिकालाई पूर्वतयारीमा जुट्न आग्रह गरेको छ ।

प्रमुख जिल्ला अधिकारीसमेत रहनुभएका जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक रुद्रादेवी शर्माको अध्यक्षतामा बुधबार धुलिखेलमा बसेको बैठकले आर्थिक वर्ष २०८०/८१ को साउनदेखि चैत २६ गतेसम्मको समीक्षा गर्दै आगामी दिनमा विपद् पूर्वतयारीमा जुट्नको लागि विपद्को प्रकृति र सम्भावित स्थान, जोखिमको अवस्थाको पूर्वानुमान विवरण उपलब्ध गराउन आग्रह गरेको हो ।

बैठकले स्थानीय विपद् व्यवस्थापन समितिको बैठक नियमितरुपमा बस्दै मनसुन तथा विपद्बाट प्रभावित हुनसक्ने स्थान पहिचान गरी सङ्कटको अवस्थामा रहेका समुदाय एवं बस्तीको पहिचान, जोमिम न्यूनीकरणका उपाय अवलम्बन गर्ने निर्णय गरेको छ ।

वन डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी प्रभावकारी कार्ययोजनामार्फत कार्यान्वयन गर्ने, विपद् प्रतिकार्यका लागि आवश्यक पर्ने सामग्रीको सम्बन्धित सबै निकायले तयारी अवस्थामा राख्ने, एम्बुलेन्स, दमकल, मर्मतसम्भार गरी तयारी अवस्थामा राख्ने र विपद्को समयमा अन्तरस्थानीय तह समन्वय गरी परिचालनको व्यवस्था मिलाउने, स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च भएको रकमको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनेलगायत विषयलाई प्रमुखताका साथ अगाडि बढाउने निर्णय भएको छ ।

स्थानीय आपत्‌कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन भएका पालिकामा सक्रियरुपमा सञ्चालन गर्न र स्थापना नभएका पालिकामा केन्द्र स्थापना गरी जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्न स्थानीय तहमा अनुरोध गर्ने, विपद्का समयमा तत्काल सेवा दिनसक्ने गरी स्वास्थ्य संस्था, औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्ने, विकास आयोजना सञ्चालन गर्दा र निर्माण सामग्री उत्पादन गर्दा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी प्रचलित कानुन र मापदण्डको पूर्णपालना गरी सम्बद्ध निकायले प्राथमिकताका साथ कार्यान्वयन गर्ने र विपद् व्यवस्थापनसम्बन्धी काम गर्ने सङ्घसंस्थाले जिल्लास्थित र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी गरेको कार्यको प्रगति विवरण पेस गर्ने, सोको समन्वय गैरसरकारी संस्था महासङ्घबाट गर्नेलगायत विषयमा बैठकले निर्णय गरेको छ ।

बैठकमा बागमती प्रदेशसभा सदस्य मञ्चनचन्द्र बादे श्रेष्ठले स्थानीय तहहरूले विपद् व्यवस्थापनका लागि गर्दै आएको सराहनीय कार्यलाई अझै प्रभावकारी ढङ्गले अगाडि बढाउन आग्रह गर्दै विकासको काम गर्दै जाने क्रममा विपद्को अवस्था पनि बढ्दै गएकाले सचेत भएर पूर्वतयारीमा जुट्न आवश्यक रहेकामा जोड दिनुभयो ।

सो क्रममा उहाँले बनेपा, पनौती र धुलिखेल नगरको एकीकृत योजना बनाएर दमकलको व्यवस्थापन गर्नुपर्ने, पुण्यमाता खोला आसपास पनौती र धुलिखेल नगरपालिकामा परेका भूभागअन्तर्गतका खोलामा साना कल्भर्ट हाल्नुपर्ने बताउनुभयो । केही ठाउँमा हालेको पुलसमेत होचो बनाएर खोलाको बाटो नै सानो हुँदा अवागमनमा समस्या भएको भन्दै दीर्घकालीनरुपमा समाधान गर्नका लागि नालादेखि पनौतीसम्म व्यवस्थित बनाउन योजना बनाइरहेको श्रेष्ठले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी शर्माले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१' ले तयार पारी जिल्लामा पठाएको ढाँचाअनुसार विपद्को प्रकृति, सम्भावित स्थान र जोखिमको अवस्थाको पूर्वानुमान विवरण सबै स्थानीयतहबाट उपलब्ध गराउन आग्रह गर्नुभयो ।

बैठकमा सहभागीले स्थानीय पालिकाले गर्दै आएको जोखिम व्यवस्थान कार्य, आगामी कार्ययोजना र विपद्मा परेकालाई वितरण गर्दै आएको राहतलगायतका विषयमा धारणा राख्नुभएको थियो ।

# मकवानपुरमा धुलो दूधको परीक्षण उत्पादन सुरु

मकवानपुर, २९ चैत (रासस) । वाग्मती प्रदेश दुग्ध विकास बोर्ड हेटौँडाले केही दिनअघिदेखि धुलो दूधको परीक्षण उत्पादन सुरु गरेको छ । वाग्मती प्रदेश सरकारको रू. ५० करोड ५८ लाखको लागतमा हेटौँडा उपमहानगरपालिका-१० सिसौघारीस्थित दूधको प्लान्ट र भवनको हालै निर्माण सम्पन्न गरिएको बागमती प्रदेश कृषि विकास तथा पशुपक्षी मन्त्रालय हेटौँडाले जनाएको छ ।

प्रदेश दूध विकास बोर्डले नियमित दूध प्लान्ट सञ्चालन गरिरहेको अवस्थामा मकवानपुर र चितवनका किसानहरूबाट दैनिक ६० हजार लिटर दूध सङ्कलन गरी धुलो दूध उत्पादन गर्ने लक्ष्यसहित उद्योग स्थापना गरिएको बोर्डका प्रवक्ता डा. मन्दीप पोखरेलले बताउनुभयो । उहाँका अनुसार अहिले दैनिक २५ देखि ३० हजार लिटर दूध सङ्कलन गरी धुलो दूध र बटरको उत्पादन गर्ने गरिएको छ ।

दूध प्लान्टलाई केही हप्ताभित्रै नियमित सञ्चालनमा ल्याउने अधिकार बोर्डलाई प्रत्यायोजित भएपछि मात्र उक्त प्लान्टबाट उत्पादन गरिएका धुलो दूध र बटर विदेश तथा स्वदेशका विभिन्न सहरमा आपूर्ति गरिने प्रवक्ता डा. पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार योसँगै बोर्डले दैनिक करिब ६ सय मेट्रिक टन धुलो दूध र बटर उत्पादन गर्ने लक्ष्य राखेको छ ।

वाग्मती प्रदेश मन्त्रिपरिषद्को बैठकले निर्णय गरेर प्रदेश दुग्ध विकास बोर्डलाई थप अधिकार प्रत्यायोजित नगरेसम्म बोर्डले थप निर्णय र दूध प्लान्टलाई नियमित सञ्चालन गर्न नसक्ने उहाँको भनाइ छ । साथै अहिले उत्पादित धुलो दूध र बटरलाई बजारको व्यवस्थापन गर्नसमेत कठिनाइ उत्पन्न भइरहेको बोर्डका कार्यकारी निर्देशक प्रतिज्ञा ज्ञवालीले बताउनुभयो । उहाँले अब केही हप्ताभित्रै नियमित धुलो दूध उत्पादन गर्ने कार्यतालिका बनाई उत्पादित दूध र बटर काठमाडौँ, भरतपुर, पोखरा, भैरहवा तथा विराटनगरलगायत विभिन्न सहरमा आपूर्ति गर्ने तयारी गरिएको जानकारी दिनुभयो ।

हेटौँडामा सञ्चालित दूध प्लान्ट नियमित सञ्चालन हुँदा प्रशासन, लेखा प्राविधिक, मजदुर गरी ६० जनाले प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गर्ने बोर्ड कार्यालयले जनाएको छ ।

**। सम्पादकीय ।**

# गलत शिक्षा नीतिले जनशक्ति उत्पादनमा समस्या

देशको हालको शिक्षा नीतिले देश र जनताका आवश्यकतालाई ग्रहण गर्न सकेको छैन । देश र जनताको आवश्यकता पूरा गर्न र स्वदेशमै रोजगारी सिर्जना गर्न शिक्षालाई उत्पादन श्रमसँग मिलाउने राष्ट्रिय शिक्षा नीति आवश्यक हुन्छ । त्यसअनुसार कृषि, जलस्रोत, पर्यटन र प्राविधिक शिक्षालाई प्राथमिकता दिनु जरूरी छ । नाचगान, ललितकला, वास्तुकला, शिल्पकलाजस्तो स्थानीय प्रविधिको संरक्षण र संवर्द्धन गर्न तथा त्यसलाई सैद्धान्तिक आधार दिन नयाँ विश्वविद्यालय खोल्नु आवश्यक छ र वैज्ञानिक शिक्षा दिने बन्दोबस्त गर्नुपर्छ । आफ्नै देशको निम्ति आवश्यक जनशक्ति तयार गर्न र रोजगारको निम्ति पनि ठुलो प्राविधिक श्रमशक्ति उत्पादन गर्नु आवश्यक छ । तर, सरकारले यस्तो शिक्षा व्यवस्था गर्न सकेको छैन ।

विगतदेखि हालसम्मको स्थिति हेर्दा नेपाली शिक्षाले देशलाई चाहिने जनशक्ति उत्पादन गरेको छैन । जुनसुकै देशको शिक्षाले आफ्नो देशको लागि चाहिने जनशक्ति उत्पादन गर्छ, गर्नुपर्छ । शिक्षालाई आर्थिक सम्पन्नताको भऱ्याङ बनाउने शासकहरूको गलत नीति र निर्णयले गर्दा उच्च शिक्षा हासिल नगर्दै विदेश जाने र उतै घरजम गर्ने विचार विद्यार्थीहरूमा विकास भइरहेको छ । शिक्षाले विद्यार्थीलाई जीवन र जगत्सँग जोड्न सिकाउनुपर्ने हो । त्यस्तो शिक्षाले विद्यार्थीलाई राष्ट्र र राष्ट्रियतासँग परिचित गराउँछ; देशभक्त बनाउँछ; देश बनाउने र विकास गर्ने भावनाको विकास गराउँछ । तर, यहाँ विदेश र विदेशीलाई चाहिने जनशक्ति उत्पादन गर्ने र गराउनेमा शासकहरू लागिरहेका छन् । शिक्षा र शिक्षण पेसालाई सतहीरूपमा बुझ्ने र बुझाउने प्रयासले देशको लागि आवश्यक जनशक्ति तयार हुँदैन ।

विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्छन् । तर, आफ्नो योग्यता र क्षमताअनुसार उनीहरूले काम पाउँदैनन् । कति विद्यार्थीसँग क्षमता हुन्छ तर आर्थिक समस्याको कारण उच्च शिक्षा हासिल गर्ने अवसर मिल्दैन । कति परिवारमा पढ्ने वातावरण हुँदैन । घरमा परिवारबिच हुने कलह, अशान्ति, अभिभावकहरू विदेश पस्ने जस्ता घटनाले विद्यार्थीहरूमा वितृष्णा पैदा हुन्छ । सबै विद्यालयमा आवश्यक शैक्षिक सामग्री हुँदैन । विद्यालय आउन र घर जान समस्या हुन्छ । भौगोलिक विकटताको कारण विद्यार्थीहरू नियमित विद्यालय जान पाउँदैनन् । कति शिक्षकहरू पनि विद्यालयमा नियमित पुग्दैनन् । सरकारले स्कूलको पढाइलाई कहिल्यै महत्त्व दिएन । स्कूलहरूको भौतिक तथा शैक्षिक गुणस्तरमा मतलब राख्दैन । यसकारण, विद्यार्थीहरूको पढाइमा कमजोर हुन्छ ।


हालै सार्वजनिक भएको शैक्षिक सत्र २०८० को कक्षा ८ को नगरस्तरीय परीक्षाको नतिजा राम्रो देखिएन । बैतडीको पाटन नगरपालिकाले सार्वजनिक गरेको परीक्षाको नतिजामा ८० प्रतिशत विद्यार्थी असफल भएको जानकारी प्रकाशमा आयो । सो नगरपालिकाको शिक्षा शाखाले सोमबार प्रकाशित गरेको नतिजामा सात वटा विद्यालयको नतिजा शून्य रह्यो । नौ वटा विद्यालयमा मुश्किलले एक एक जना विद्यार्थी उत्तीर्ण भयो । त्यस्तै देशका अन्य नपा र गाउँपालिकाको नतिजामा धेरै विद्यालयको नतिजा शून्य भएको प्रकाशित भएको थियो ।

शिक्षाको स्तर यसरी दयनीय हुनुमा दोष कसको ? शिक्षित हुनु भनेको आर्थिकरूपमा सबल र सक्षम हुनु भन्ने भाष्य खडा भएपछि, विदेश जाने मोहमा पल्केपछि देशको शिक्षाको स्तर कसरी बढ्छ र देशको निम्ति आवश्यक जनशक्ति कसरी उत्पादन हुन्छ ? देश र जनताप्रति जिम्मेवार भएमा, मेहनती, कर्तव्यनिष्ठ भएमा, सीपयुक्त, इमानदार भएर मुलुक र मुलुकवासीप्रति सद्भाव राखेमा मात्र देशको शैक्षिक स्थिति राम्रो हुन्छ । देशमा विज्ञान र प्रविधिको विकास नभएसम्म देशको मुहार फेर्ने छैन । देशका नागरिकले योग्यताअनुसार काम र कामअनुसारको ज्याला पाएन भने उनीहरूको जीवन सुनिश्चित हुनेछैन ।

# हिन्दू राष्ट्रको चिरफार

✍ प्रभात पटनायक

राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) हिन्दू राष्ट्र वा हिन्दू राज्य स्थापना गर्ने उद्देश्यका साथ स्थापना भएको सङ्गठन थियो । प्रश्न उठिहाल्छ, हिन्दू राज्य के हो ? अन्य धर्मको तुलनामा एउटा धर्मलाई प्राथमिकता दिने विश्वमा धेरै देश छन् अथवा धार्मिक राज्य पनि छन् । तर, धर्म विशेषलाई मान्दैमा ती राज्यको वर्गीय प्रकृतिमा कुनै अन्तर ल्याउँदैन । यसैगरी हिन्दू राज्य साकार भयो भने नै भने पनि राज्यका अधिकारीहरूले धर्मको नाममा शपथ त लेलान् तर त्यसले समाजको वर्गीय परिभाषामा कुनै फेरबदल आउनेछैन । धेरै कारणहरू केलाउँदा बरु त्यो राज्य आतङ्कको अधिनायकतन्त्र हुने देखिन्छ । त्यसको भाग्य नयाँ र अझ बढी आक्रामक एकाधिकार पुँजीले लेख्ने देखापर्छ । कम्युनिस्ट इन्टरनेसनलका अध्यक्ष रहेका ज्योर्जी दिमित्रोभ त्यसको सातौं सम्मेलनमा फासीवादी राज्यको परिभाषा दिँदै भन्नुभएको थियो, "वित्तीय पुँजीको सबैभन्दा प्रतिक्रियावादी र प्रतिशोधी तप्काको आतङ्ककारी तानाशाही ।"



हाम्रो सन्दर्भमा भन्नुपर्दा हिन्दू राष्ट्र निश्चय नै फासीवादी राज्य हुनेछ । त्यो राज्यमा सबै सरकारी कार्य हिन्दू देवीदेवताको पुकारबाट सुरु हुनसक्छ । सबै सडक, रेल स्टेसन वा सहरको नाम फेरेर हिन्दुत्वका अनुहार बनेका मध्ययुगीन सम्राटहरूको नाममा राखिन सक्छ; सबै शैक्षिक कार्य सरस्वती बन्दनाबाट सुरु हुनसक्छ र सरकारकै खर्चमा धेरैधेरै मन्दिरको निर्माण हुन पनि सक्छ । तर, यी सबै गर्दा पनि एक औसत हिन्दूको जीवनमा कुनै सुधार आउनेछैन । मुसलमान धर्मावलम्बीको मन जित्न टर्कीको इस्तानबुलस्थित प्राचीन चर्च हागिया सोफियालाई इर्दोगान सरकारले मस्जिदमा परिणत गऱ्यो । तर, त्यस कार्यले टर्कीका औसत नागरिकको जीवनमा कुनै सुधार आएन ।



अलि गहिरो विश्लेषण पनि गर्न सकिन्छ । पहिले त हिन्दूत्ववादीहरूको वर्तमान शासनकै अनुभवलाई हेरौँ । पछिल्लो दशकको तुलनामा अहिले भारतमा बेरोजगारीको अवस्था निकै नाजुक छ । भारतीय अर्थतन्त्र निगरानी केन्द्रका अनुसार सन् २००८ देखि सन् २०१९ बिच औसत बेरोजगारी दर ५/६ प्रतिशतबाट बढेर अहिले ८ प्रतिशतको हाराहारीमा पुगेको छ । अन्तर्राष्ट्रिय अभ्यासअनुसार सो संस्थाले घरमा गरिने बेतलबी काम, दर्ता नभएको काम र (उत्पादनमा कामदारको सहभागितालाई दुरुत्साहन गर्न सक्छ भनेर) लामो समय काम नपाएर बेरोजगार भएपछि मन मारेर बसेका धेरै मानिसलाई अध्ययनमा ल्याउन्न । तर, हिन्दूत्ववादीहरूले नेतृत्व गरेको सरकारले खस्किँदो स्थितिमा कुनै सुधार ल्याउन सकेन । उल्टो सरकारका प्रमुख आर्थिक सल्लाहकारले बेरोजगारीको मामिलामा सरकारले धेरै गर्न नसक्ने भनी खुलेरै घोषणा गरे । उनले आफ्नो अभिव्यक्ति फिर्ता लिएका छैनन् । भारत सरकारले उनलाई त्यो अभिव्यक्ति फिर्ता लिन पनि भनेको छैन । यसबाट उनको अभिव्यक्ति सरकारकै अभिव्यक्ति हो भनी बुझ्नुपर्छ । बेरोजगारी नै अहिले भारतीय कामदार जनताको बिचल्लीको मुख्य कारण हो । तसर्थ, भारतका कामदार जनतालाई सताइरहेको सबैभन्दा जल्दोबल्दो मुद्दामा भारत सरकारले सजिलै केही पनि नगर्ने भनी आफ्नो सोच स्पष्ट पारिसकेको छ ।

यसको अर्थ वर्तमान सरकारको कार्यकालमा जनताको दु:खकष्ट बढ्नेछ । यो सरकारले जाली अनुमानका आधारमा तयार पारिएको कूल घरेलु उत्पादनको प्रभावशाली वृद्धिदरको ढ्वाङ फुक्नुबाहेक अरू केही गर्नेछैन । अनि यसैलाई देखाएर एकाधिकार पुँजीपतिहरूलाई 'विकास' को नाममा राज्यको धन दानदक्षिणामा बाँड्न सक्छ । त्यसपछि जनताको बढ्दो दरिद्रताको सक्कली चित्र देखाउन खोज्नेहरू राज्यको कोपभाजनमा पर्न सक्छन् । हिन्दूत्ववादीहरू हाबी भएको निर्वाचित सरकारले यस्तै गर्ने हो भने भविष्यमा बन्न सक्ने हिन्दू राष्ट्रले जनताको भौतिक जीवनप्रति राज्यको उदासिनतालाई थप संस्थागत गर्नुसिवाय केही गर्नेछैन ।

यसैकारण, भावी हिन्दू राष्ट्र आतङ्कको प्रयोग गरी कायम हुने तानाशाही बन्न जानेछ । सरकारको स्वरूप लोकतान्त्रिक नै भए पनि कामदार वर्गमाथिको सम्पन्न वर्गको शासनलाई राज्यले निर्बाध चल्न दिनेछ किनभने त्यो आफैँमा वर्गीय तानाशाही हुनेछ । अर्थात्, लोकतान्त्रिक स्वरूप असान्दर्भिक वा दोयम दर्जामा झर्नेछ भनेको होइन; बरु लोकतान्त्रिक स्वरूपलाई वर्गीय तानाशाहीले सुरक्षितरूपमा थन्काएर राख्नेछ । त्यो वर्गीय तानाशाहीमा जनताको जीवनस्तर खस्किँदै जाँदा राज्य केही नगरी बस्छ भने त्यो तानाशाहीले सरकारको लोकतान्त्रिक स्वरूपको घाँटी थिच्दै जानुपर्नेछ । उसले जनअधिकार र शासनकलाका लोकतान्त्रिक संस्थानहरूलाई मिच्दै र कुल्चिँदै जानुपर्नेछ ।

हिन्दू राष्ट्र बन्यो भने त्यो एकाधिकार पुँजीको अनुकम्पामा वर्गीय तानाशाहीको रूपमा रहनेछ । त्यसले नवउदारवादी नीतिको परिधिभित्र रहेर काम गर्नेछ किनभने एकाधिकार पुँजीपतिले नवउदारवादसँग घाँटी जोडेको छ । यसले गर्दा कामदार जनताको दु:खकष्ट झन् बढ्नेछ किनभने यो नवउदारवादी सङ्कटको बेला हो । यस्तो स्थितिमा सम्भावित हिन्दू राष्ट्र आतङ्कको प्रयोग गर्ने तानाशाहीमा फेरिनै पर्नेछ ।

यही कारण एकाधिकार पुँजीपतिको एउटा ठुलो जमातले हिन्दू राष्ट्र परियोजनालाई अँगाल्ने सम्भावना छ । आतङ्कसँगसँगै साम्प्रदायिक तिक्ततामा घिउ थपिनेछ; धार्मिक अल्पसङ्ख्यकहरूलाई 'पराइ' बनाइनेछ । हिन्दू राष्ट्रको निर्माणसँगै यो प्रक्रियाले मलजल पाउनेछ । एकाधिकार पुँजीको आतङ्कलाई प्रयोग गरी चलाइने तानाशाही अर्को अर्थमा हिन्दू राष्ट्रभित्रको हिन्दू सर्वोच्चता साबित हुनेछ; त्यहाँ हिन्दू सर्वोच्चता संस्थागत हुनेछ । त्यही भएर सुरुमै हामीले हिन्दू राष्ट्र निश्चय नै एकाधिकार पुँजीको कृपामा आतङ्क प्रयोग गर्ने तानाशाही व्यवस्था हुनेछ भनेका हौँ ।

आतङ्कको प्रयोग गर्नु र हिन्दू सर्वोच्चताको राँको बाल्नु दुवैसँग तेस्रो पक्ष पनि गाँसिएको छ । हिन्दू राष्ट्रले कार्यकर्ता परिचालन गरेर सामाजिक प्रतिक्रान्तिको द्वार खोल्नेछ । बिसौं शताब्दीमा भारतमा दुई समानान्तर आन्दोलन चले । पहिलो उपनिवेशवादविरोधी सङ्घर्ष थियो भने दोस्रो जातिप्रथामा आधारित सामन्ती समाजमा हजारौँ वर्षसम्म उत्पीडनमा परेका जनताको मुक्तिको सङ्घर्ष थियो । एउटा आन्दोलनका धेरै नेताले अर्को आन्दोलनप्रति व्यक्तिगतरूपमा सहानुभूति नराखेको हुनसक्छ । तर, जनताको तहमा दुवै आन्दोलनमा अन्योन्याश्रित सम्बन्ध थियो । वामपन्थी आन्दोलनले यो सह-सम्बन्धलाई अभिव्यक्ति दिएको थियो ।

यो जुम्ल्याहा आन्दोलनकै परिणामस्वरूप भारतमा गहिरो सामाजिक रूपान्तरण आयो । पक्कै पनि यो रूपान्तरण अविराम अघि बढेन; यसलाई पुँजीवादी सीमारेखाले थिचिरह्यो । यद्यपि, सामाजिक रूपान्तरणले देखिने पाइला चालेकै हो । यसको एउटा उदाहरण हेरौँ ।

२० औं शताब्दीको आरम्भमा आज केरला राज्य रहेको भेगमा 'अछूत प्रथा' मात्र होइन 'अदेखा प्रथा' पनि थियो । यसको अर्थ 'उच्च' जातको व्यक्तिले तल्लो जातको व्यक्तिलाई देख्यो भने पनि बिटुलो हुन्छ भनिन्थ्यो । त्यो समयलाई आजको केरलासँग दाँज्दा मानव विकास सूचकाङ्कका हिसाबले केरला अधिकतर तेस्रो विश्वका देशहरूभन्दा धेरै माथि छ । यति मात्र होइन केरलालाई प्राय: विकसित पुँजीवादी देशसँगै तुलना गरिएको पाइन्छ । यसबाट हामी यहाँ भएको सामाजिक परिवर्तनको गहिराइ बुझ्न सक्छौं । निश्चय नै केरला अरूभन्दा धेरै फरक छ; केरलाभन्दा थोरै सही भारतभरि नै थोरधेर सामाजिक परिवर्तन आएकै हो ।

हिन्दूत्वको सत्तारोहणलाई यी रूपान्तरणहरू उल्ट्याउने भित्री आश्वासन र वास्तविक प्रयासले पनि सघाएका छन् । राजनीतिक र सामाजिक वृत्तमा उसले यो रूपान्तरणलाई उल्ट्याएको छ । जनतालाई राजनीतिकरूपमा शक्तिसम्पन्न तुल्याएको लोकतन्त्रको हुर्मत लिएर र धर्मनिरपेक्षता घटाउँदै लगेर यसो गरिएको कसैबाट लुकेको छैन । यो उल्ट्याइ सर्वत्र फैलिँदै छ । उदाहरणको लागि हिन्दूत्व नेतृत्वको नवउदारवादी सरकारले निजीकरणलाई बढावा दियो । शिक्षामा मात्र निजीकरण भएको होइन, सामाजिकरूपमा वञ्चित समुदायलाई रोजगारी र अवसरबाट च्युत गरियो । यो चल्तीको भन्दा ठीकविपरीत कार्य हो ।

नवउदारवादी अर्थनीतिबाट लाभ उठाउँदै आएको उच्च मध्यमवर्गले आफूलाई कामदार जनसमूहबाट अलग्याउँदै लग्यो; साथै जनसमूहप्रतिको सहानुभूति घटाउँदै गयो । यो वर्ग अहिले प्रतिक्रान्तिको समर्थक बनेको छ । यसको अर्थ हिन्दूत्वको सत्तारोहण भारतमा धेरै वर्षदेखि चल्दै आएको सामाजिक रूपान्तरणको अवरोहण वा ह्राससँग जोडिएको छ । हिन्दू राष्ट्रसँगै सच्चा प्रतिक्रान्ति गतिमान हुनेछ ।

कसैको शब्द पछाडि लाग्नु छलकारी हुनसक्छ । हिन्दू राष्ट्र यसको बलियो उदाहरण हो । हिन्दूत्ववादी शक्तिको प्रचारतन्त्रले हिन्दू राष्ट्र हिन्दूहरूको मुक्तिको दिन हुने फलाक्दै आएको छ । यसको उल्टो हिन्दू राष्ट्र खोल ओढेको तानाशाही हुनेछ र त्यसले एकाधिकार पुँजीको स्वार्थसिद्ध गर्नेछ; सङ्कटबाट गुज्रिरहेको नवउदारवादी व्यवस्थालाई मालामाल बनाउनेछ । बहुसङ्ख्यक जनताको भलो गर्नु त परेको कुरा हिन्दू राष्ट्रले प्रतिक्रान्तिकारी छाल ल्याउनेछ । त्यो छालले गत शताब्दीमा भारतीय जनताले हासिल गरेको सामाजिक र राजनीतिक उपलब्धिलाई उल्ट्याउनेछ । तसर्थ, किसान जनसमूहसँग मिलेर हिन्दू राष्ट्रतर्फ चालिने एक-एक पाइलालाई रोक्नु भारतीय कामदारवर्गको ऐतिहासिक अभिभारा हो ।

***(एमआर अनलाइन । सम्यक)***

# चीन - संरा अमेरिका व्यापार युद्धबारे

## सन् २०१९ जून महिनाको प्रकाशित श्वेतपत्रको भूमिका

**दोस्रो,** भन्सार दर वृद्धिको नीतिले गर्दा संरा अमेरिकामा घरेलु मूल्य वृद्धिको परिस्थिति जन्मियो । संरा अमेरिकाको दीर्घकालीन न्यून मुद्रास्फीति पछाडि चीनबाट आयात गरिने न्यून मूल्यका तर उच्च सन्तुष्टि दिने उपभोग्य वस्तुहरू नै मुख्य कारक हुन् (Value of money consumer goods) । अतिरिक्त भन्सार दर लागेपछि चिनियाँ वस्तुको अन्तिम बिक्री मूल्य बढ्यो । यसरी वास्तविक भन्सार लागत अमेरिकी सर्वसाधारण उपभोक्ताको टाउकोमा थोपरियो । संरा अमेरिकी खुद्रा महासङ्घको अध्ययनअनुसार फर्निचर एउटामा मात्र २५ प्रतिशतको दरले थप भन्सार दर बढेपछि प्रतिउपभोक्ताले ४.६ अर्ब अमेरिकी डलर थप लागत बेहोर्नुपर्ने हुन्छ ।

**तेस्रो,** भन्सार दर वृद्धिको नीतिले संरा अमेरिकी आर्थिक वृद्धि र जनताको जीवनशैलीमा प्रतिकुल असर देखियो । सन् २०१९ मार्चको संरा अमेरिकी वाणिज्य विभाग र रोडियम समूह (US Chamber of Commerce and Rhodium Group) को संयुक्त प्रतिवेदनले प्रस्ट देखायो, "संरा अमेरिका र चीन आर्थिक तथा व्यापार विवादको प्रभावअन्तर्गत सन् २०१९ मा र आउँदो ४ वर्षमा संरा अमेरिकामा कुल गार्हस्थ उत्पादन ६४ देखि ९१ अर्ब डलर प्रतिवर्ष घट्नेछ । यो भनेको कुल गार्हस्थ उत्पादनको ०.३ प्रतिशतदेखि ०.५ प्रतिशतका दरले घट्दै जाने आँकडा हो । यदि संरा अमेरिकामा निर्यात गरिने सम्पूर्ण चिनियाँ वस्तुहरूमाथि भन्सार दर २५ प्रतिशतले वृद्धि गऱ्यो भने अबको १० वर्षको संरा अमेरिकी कुल गार्हस्थ उत्पादन समस्तीमा १० खर्ब अमेरिकी डलरले घट्ने निश्चित छ । व्यापार साझेदार, अमेरिकी बुद्धिजीवी समूह अर्थात् थिङ्क ट्याङ्कद्वारा सन् २०१९ फेब्रुअरीमा प्रकाशित खोज प्रतिवेदनका अनुसार यदि संरा अमेरिकाले सम्पूर्ण आयातीत चिनियाँ सामानमा २५ प्रतिशतका दरले थप भन्सार थोपर्यो भने संरा अमेरिकी कुल गार्हस्थ उत्पादन १.०१ प्रतिशतका दरले घट्नेछ । साथै २१ लाख ६० हजार अमेरिकीहरू रोजगारविहीन हुनेछन् । चार जनाको प्रतिपरिवारमाथि वार्षिक अतिरिक्त आर्थिक बोझ भार २ हजार २ सय ९४ अमेरिकी डलर बढ्नेछ ।"

चौथो, भन्सार दर वृद्धिको नीतिले चीनमा संरा अमेरिकी निर्यातमा बाधा अड्चनरूपी पर्खाल निर्माण गऱ्यो ।


संरा अमेरिका - चीन व्यवसाय काउन्सिलले सन् २०१९ मे १ मा प्रकाशित गरेको '२०१९ राज्य निर्यात प्रतिवेदन' मा स्पष्ट उल्लेख छ - सन् २००९ देखि २०१८ सम्मको १० वर्षमा चीनमा संरा अमेरिकी निर्यातले ११ लाख रोजगारी सृजना गर्न सघायो । संरा अमेरिकी आर्थिक वृद्धिका लागि चिनियाँ बजारको महत्त्व झन्झन् बढ्दै गएको छ । गएको दशकमा चीनमा संरा अमेरिकाको ४८ ओटा प्रान्तहरूले आफ्नो उत्पादित वस्तु निर्यात गरे । तीमध्ये ४४ प्रान्तको निरन्तर दोहोरो अङ्कको निर्यात वृद्धिदर थियो । सन् २०१८ को आर्थिक र व्यापार विवादले अवस्था नाजुक बनायो र करिब १६ ओटा प्रान्तले मात्र चीनमा निर्यात वृद्धि गऱ्यो । ३४ ओटा प्रान्तको सामान निर्यात अत्यधिक मात्रामा घट्यो । तीमध्ये २४ ओटा प्रान्तको निर्यात दोहोरो अङ्कमा घट्यो । विशेषत: मध्यपश्चिम क्षेत्रका कृषि प्रान्तहरूलाई अत्यन्त गाह्रो पऱ्यो । भन्सार दर वृद्धिले चीनमा संरा अमेरिकी कृषिजन्य उत्पादन निर्यात अघिल्लो वर्षको तुलनामा ३३.१ प्रतिशतले घट्यो जसमा भटमासको निर्यात ५० प्रतिशतले घटेको तथ्याङ्क छ । करिब ४० वर्ष लामो अथक मिहिनेतले सिँचेको चिनियाँ बजार गुम्ने त्रास संरा अमेरिकी व्यवसायीहरूमा छ ।

**३) संरा अमेरिकी व्यापार थिचोमिचोले विश्वलाई हानि गर्छ ।**

आर्थिक विश्वव्यापीकरण समयको गतिसँगै जरो गाडेको चलन हो । आफ्नो देशको अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न छिमेकीको खुट्टा तान्ने र हानि गर्ने एकपक्षीयतावादी प्रवृत्ति (Beg-gar -thy- neighbour Unilateralism) र संरक्षणवाद संसारमै अलोकप्रिय छ । यसले अन्तर्राष्ट्रिय व्यापार र आर्थिक संरचना एवम् सुशासन नराम्रोसँग बिथोल्छ । संरा अमेरिकाले अवलम्बन गरेको व्यापार संरक्षणवादी नीति विश्व व्यापार सङ्गठनको नियमविपरीत छ । यसले बहुपक्षीय व्यापार प्रणालीमा प्रत्यक्ष क्षति पुऱ्याउँछ । विश्वव्यापी औद्योगिक चक्र र पूर्तिचक्रको स्वाभाविक प्रवाहमा गम्भीर अवरोध खडा गर्छ, बजार विश्वसनीयता कमजोर बन्छ, विश्वव्यापी आर्थिक सुदृढीकरण (**Recovery**) र आर्थिक विश्वव्यापीकरणको ढाँचामा चुनौती खडा हुन्छ ।

***(स्रोत : व्यापार साझेदार : संरा अमेरिकी अर्थतन्त्र र कामदारमाथि भन्सार दरको असर आकलन)***

केही चुनौतीहरू :




**पहिलो,** संरा अमेरिकी एकतर्फी नीतिले बहुपक्षीय व्यापार प्रणालीको अधिकार कमजोर बन्छ ।

संरा अमेरिकाले दफा २०१, २३२ र ३०१ सहित एकपक्षीय अनुसन्धानका सिलसिलाहरू अघि सार्दै भन्सार दर वृद्धिको असमान नीतिहरू थोपऱ्यो । यो कदम विश्व व्यापार सङ्गठनका अति आधारभूत र केन्द्रीय नियमहरूको गम्भीर उल्लङ्घनको दृष्टान्त हो । साथै, अति सौविध्यपूर्ण राष्ट्रहरू (Most-Favoured Nations) लाई गर्ने व्यवहार (विश्व व्यापार सङ्गठनको सम्झौताअनुसार आर्थिकरूपले कमजोर देशहरूलाई भन्सार दर न्यूनीकरणको सुविधा प्रदान गरी विशेष प्राथमिकतामा राखिने व्यवहार ) र सम्झौता भएभन्दा माथि भन्सार दर वृद्धि गर्न नपाइने प्रतिबद्धता (Tariff Binding) माथि गम्भीर प्रहार हो । यस्ता एकपक्षीय र संरक्षणवादी ज्यादतीले चीनलगायत विश्व व्यापार सङ्गठनका सदस्य देशहरूको साझा उद्देश्य र चासोमा हानि पुऱ्यायो । अझ महत्त्वपूर्ण कुरा त तिनले विश्व व्यापार सङ्गठनको अधिकार कमजोर बनायो र विवाद समाधान प्रणाली बिथोल्यो । बहुपक्षीय व्यापार प्रणाली र अन्तर्राष्ट्रिय व्यापार व्यवस्थालाई जोखिमपूर्ण अवस्थामा पुऱ्यायो ।

**दोस्रो,** संरा अमेरिकी एकतर्फी व्यापार नीतिले विश्वव्यापी आर्थिक वृद्धिलाई चुनौती दियो । अन्तर्राष्ट्रिय वित्तीय मन्दीको छायामा विश्वव्यापी अर्थतन्त्र अझै झुन्डिरहेको छ । संरा अमेरिकी सरकारले आर्थिक तथा व्यापार विवाद र थप भन्सार वृद्धिको नीतिमार्फत त्यसलाई अझ चर्काउँदै छ । यसले विश्वव्यापी आर्थिक र व्यापार व्यवस्था बिथोल्छ, विश्व आर्थिक सुधारलाई सुस्त पार्छ, सारा देशका कम्पनीहरू र जनताको जीवनस्तर उकास्ने र विकास गर्ने कार्यलाई कमजोर बनाउँछ र विश्व अर्थतन्त्रलाई 'आर्थिक पतनको पासो अर्थात् मन्दी पासो' (Recession Trap) तर्फ धकेल्छ । सन् २०१९ जनवरीमा विश्व बैङ्कद्वारा सार्वजनिक गरिएको विश्वव्यापी आर्थिक सम्भावनाहरूले – 'विश्वव्यापी आर्थिक वृद्धि अझै २.९ प्रतिशतले तल झर्नेछ' भन्दै आफ्नो पूर्वानुमान सच्यायो – विश्व बैङ्कका अनुसार यो तल झर्ने खतराको प्रमुख कारण निरन्तरको व्यापार विवाद या असमझदारी नै हो । अन्तर्राष्ट्रिय मुद्रा कोषले २०१९ को अप्रिलमा विश्व आर्थिक अध्ययन प्रतिवेदनमा प्रकाशित सन् २०१८ मा प्रक्षेपण गरिएको ३.६ को आर्थिक वृद्धिलाई सच्याएर सन् २०१९ मा ३.३ प्रतिशतको मात्र हुने अनुमान गरेको छ । प्रतिवेदनले आर्थिक तथा व्यापार विवादले विश्वव्यापी आर्थिक वृद्धि ऱ्हास र पहिल्यै रक्तअल्पता लागेको लगानी संयन्त्रलाई अझ कमजोर बनाउने पूर्वानुमान गऱ्यो ।

**तेस्रो,** संरा अमेरिकी चालले विश्वव्यापी औद्योगिक र पूर्तिचक्र ( Supply Chain) बिथोल्छ । विश्वव्यापी औद्योगिक र पूर्ति चक्रमा चीन र संरा अमेरिका दुवै अत्यन्त महत्त्वपूर्ण कडी हुन् । ठुलो मात्रामा मध्यवर्ती (Intermediary) वस्तुहरू उपलब्ध गराउने, अन्य देशहरूबाट उपकरण र पार्टपुर्जा चीनमा भित्र्याई अन्तिम वस्तु उत्पादन गरी संरा अमेरिकामा निर्यात गर्ने भएकोले संरा अमेरिकी भन्सार वृद्धि नीतिले चिनियाँ कम्पनीसँग काम गर्ने संरा अमेरिकी कम्पनीहरूमात्र नभई सम्पूर्ण बहुराष्ट्रिय कम्पनीहरूलाई समेत क्षति पुऱ्याउनेछ । भन्सार दर वृद्धिको नीतिले पूर्ति चक्रको लागत कृत्रिमरूपले बढायो र त्यसको स्थिरता र सुरक्षा संयन्त्र कमजोर पार्न वातावरण बनायो । परिणामस्वरूप केही व्यवसायीहरूलाई विश्वव्यापी पूर्तिचक्रमा पुन: समायोजनको लागि चाहिने खर्च अत्यधिक स्रोत बाँडफाँडबाट उठाउन बाध्य बनाइयो ।

विवाद र समस्याको समाधान गर्नुभन्दा पछिल्लोपल्ट फेरि भन्सार वृद्धि गर्नुबाट सबै पक्षलाई यसले हानि पुऱ्याउने कुरा पूर्वानुमान गर्न गाह्रो छैन । चीन प्रतिकारमा दृढ भई उभिरहन्छ । हालैमात्र संरा अमेरिकाले 'Long-arm Jurisdictions' (विदेशी प्रतिवादीविरुद्ध स्थानीय अदालतको क्षमता अभ्यास गर्न पाउने अधिकार) अर्थात् 'लामोहाते अधिकार क्षेत्र' को नीति लादेको देखिन्छ । राष्ट्रिय सुरक्षाको निर्माणको स्वनिर्मित ( गलत) आधारमा हुवावे र अन्य चिनियाँ कम्पनीहरूमाथि प्रतिबन्ध लगाइयो । यी कार्यविरुद्ध चीन कृतसङ्कल्पित छ ।

**खण्ड दुई**

**चीन-संरा अमेरिकी आर्थिक तथा व्यापार परामर्शहरूमा संरा अमेरिका आफ्नो प्रतिबद्धताहरूबाट पछाडि हट्यो ।**

संरा अमेरिकाले छेडेको व्यापार युद्धको कारण बहुपक्षीय व्यापार र लगानीमा चोट पुऱ्याएकोले प्रतिक्रिया स्वरूप चीन प्रतिकारका उपायहरू अवलम्बन गर्न बाध्य बन्यो । दुई देशका जनताको भलाइ र आर्थिक विकासको लागि वार्ता र परामर्शको टेबुलमा आउनु नै उपयुक्त समाधानको उपाय थियो । सन् २०१८ फेब्रुअरीमा व्यापार विवादको सुरुआतदेखि नै आर्थिक तथा व्यापार परामर्शले थुप्रै पक्षहरूमा सम्झौता गर्दै, सहमति जनाउँदै लामो यात्रा पार गऱ्यो । तर, परामर्शहरू सफलतामा टुङ्गिन सकेनन् । त्यसको एउटैमात्र कारण संरा अमेरिकाले आफ्नो प्रतिबद्धता र सहमति उल्लङ्घन गर्नु र पछि हट्नु नै हो ।

**क) संरा अमेरिका आफ्नो प्रतिबद्धताबाट पहिलोपटक पछि हट्दा**

चीनले आर्थिक तथा व्यापारिक सङ्घर्ष वार्ता र परामर्शका आधारमा समाधान हुनुपर्ने वकालत सुरुदेखि नै गर्दै आएको हो । सन् २०१८ को फेब्रुअरीको सुरुआतमा संरा अमेरिकी सरकारले आर्थिक एवं व्यापारका विषयमा छलफलको लागि चिनियाँ उच्च अधिकारी वासिङटन पठाउने प्रस्ताव अगाडि सार्‍यो । यसको जवाफमा चिनियाँ उच्च पदाधिकारीसहितको वार्ता टोलीले आर्थिक एवं व्यापारिक विषयमा संरा अमेरिकासँग कैयौँ चरणमा वार्ता गर्दै सकारात्मक कदम चाल्यो । व्यापार असन्तुलन र अन्य धेरै विषयमा गहिरो विचार आदानप्रदानसँगै दुवै पक्षबिचको वार्ता सकारात्मक दिशामा अगाडि बढ्दै थियो । संरा अमेरिकी कृषि तथा ऊर्जा उत्पादनको चीनमा निर्यात बढाउने प्रारम्भिक समझदारी पनि बनिसकेको थियो । तर सन् २०१८ मार्च २२ का दिन संरा अमेरिकाले तथाकथित चीनमाथिको अनुसन्धान 'दफा ३०१' प्रतिवेदन सार्वजनिक गऱ्यो । उक्त प्रतिवेदनमा चीनमाथि 'बौद्धक चोरी' र 'जबरजस्ती प्रविधि हस्तान्तरण' जस्ता मिथ्या आरोप लगाउँदै चीनबाट संरा अमेरिकामा निर्यात हुने ५० अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामग्रीमाथि २५ प्रतिशत थप भन्सार लगाउने निर्णय गऱ्यो ।

**ख) संरा अमेरिका आफ्नो प्रतिबद्धताबाट दोस्रोपटक पछि हट्दा**

दुईपक्षीय सम्बन्धको फराकिलो चित्रलाई मध्यनजर गर्दै चिनियाँ सरकारले वार्ता र सल्लाहको लागि आफ्नो टोली पठायो । सन् २०१८ मे १९ का दिन चीन र संरा अमेरिकाले एक संयुक्त वक्तव्य जारी गऱ्यो । वक्तव्यमा व्यापार युद्धबाट पछि हट्ने समझदारी गर्दै उच्चस्तरीय वार्तालाई निरन्तरता दिने र आर्थिक तथा व्यापारसम्बन्धी मुद्दाहरूको समाधान सक्रियतापूर्वक खोज्ने कुरा उल्लेख गरिएको थियो । चिनियाँ सामग्रीमाथि थप भन्सार लगाउने योजना स्थगन गर्ने कुरा संरा अमेरिकाले सार्वजनिकरूपमै घोषणा गऱ्यो । तर, सन् २०१८ मे २९ का दिन अर्थात् समझदारीपत्रमा हस्ताक्षर गरेको १० दिनपछि, अमेरिकी जनता र आन्तरिक व्यापारिक समुदायको भावनाविपरीत अमेरिकी प्रशासनले समझदारीपत्र च्यात्यो र थप भन्सार लाद्ने पुरानो नीति ब्यूँतायो । सन् २०१८ जुलाईको सुरुआतसँगै संरा अमेरिकाले तीन चरणमा भन्सार लगाउने घोषणा गऱ्यो । पहिलो चरणमा ५० अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामग्री निर्यातमा २५ प्रतिशत भन्सार, दोस्रोमा थप २०० अर्ब अमेरिकी डलर बराबरको सामग्री निर्यातमा १० प्रतिशत भन्सार र तेस्रोमा सन् २०१९ जनवरी १ बाट यस भन्सार दरलाई २५ प्रतिशत पुऱ्याइने बतायो । साथै, संरा अमेरिकाले बाँकी सम्पूर्ण चिनियाँ सामग्रीमा पनि थप भन्सार वृद्धि गर्ने चेतावनी दिँदै दुई देशबिचको आर्थिक एवं व्यापार सङ्घर्षलाई अझ चर्कायो । यसको विरुद्ध चीनले आफ्नो स्वाभिमान र चिनियाँ जनताको हितलाई ध्यानमा राखेर ११० अर्ब अमेरिकी डलर बराबरको अमेरिकी सामग्री चीन आयातमा थप भन्सार लागु गऱ्यो ।

***China's Position on the China - US Economic and Trade Consultations June, 2019***
***The State Council Information Office of The People's Republic of China***

***अनुवाद : हौसला***





मध्य गाजापट्टीको नुसेरत शरणार्थी क्याम्पमा इजरायली हवाई बम हमलापछि भत्किसकेको भग्नावशेषमुनि ज्यान जोगाउने प्रयत्न गर्दै प्यालेस्टिनी पुरुष, महिला तथा बालबालिकाहरू अप्रिल १०, २०२४ का दिन । गाजाको स्वास्थ्य मन्त्रालयकाअनुसार हालसम्म इजरायली हमलाबाट ३३,४८२ प्यालेस्टिनीहरूको ज्यान गइसकेको छ ।

*तस्बिर : सिन्ह्वा*

# दक्षिण कोरियाको राष्ट्रियसभाको निर्वाचनमा विपक्षी दल विजयी

सियोल (दक्षिण कोरिया), ११ अप्रिल (एएनआई) । दक्षिण कोरियाको प्रमुख विपक्षी दल डेमोक्रेटिक पार्टी (डीपी) ले राष्ट्रियसभा चुनावमा बहुमत प्राप्त गरेको छ । डीपीले सत्तारुढ पिपुल पावर पार्टी (पिपिपी) लाई पछि पार्दै विजय हासिल गरेको हो । यस चुनावी नतिजाले पिपिपीका तर्फबाट राष्ट्रपति हुनुभएका युन सुक योललाई पनि समस्यामा पारेको छ ।

निर्वाचनमा प्रत्यक्षतर्फका दुई सय ५४ सिटमध्ये डिपीले एक सय ६१ सिटमा जित हासिल गरेको छ भने भने सत्तारुढ पिपिपीले ९० सिट मात्र जित्न सफल भएको छ । समानुपातिकसमेतका सिटहरू समावेस गर्दा विपक्षी डिपीले राष्ट्रियसभामा एक सय ७५ सिट जितेको छ । यसैगरी पिपिपी लगायतका गठबन्धन पार्टीले एक सय आठ सिट प्राप्त गरेको छ ।

योन्हाप समाचार एजेन्सीका अनुसार भ्रष्टाचार आरोपमा मुछिएका पूर्व न्यायमन्त्री चो कुक नेतृत्वको रिबिल्डिङ कोरिया पार्टीले १२ समानुपातिक सिट र पिपिपीका पूर्व नेता ली जून-सिओकको नेतृत्वमा रहेको न्यू रिफर्म पार्टीले दुई स्थान जित्न सफल भएको छ ।

चार वर्षअघि भएको चुनावमा सहयोगी दल समेतको सहयोगमा डीपीले एकसय ८० सिट जितेको थियो भने पिपिपीले एकसय तीन सिट जितेको थियो ।

चुनावका लागि योग्य चार करोड ८२ लाख कुल मतदातामध्ये ६७ प्रतिशतले मतदान गरेको स्रोतले जनाएको छ । दक्षिण कोरियाली निर्वाचन आयोगका अनुसार विगत ३२ वर्षयताकै यो सबैभन्दा बढी मतदान हो ।

चुनावी नतिजा पछि पिपिपीका नेता हान डोङ-हूनले जनताको इच्छालाई गम्भीरतापूर्वक स्वीकार गर्दै पदबाट राजीनामा दिनुभएको छ ।

# इजरायली आक्रमणमा हमास नेताका तीन छोरा मारिए

गाजापट्टि, ११ अप्रिल (एपी) । इजरायली सेनाले गाजामा गरेको हवाई हमलामा हमास नेता इस्माइल हनियाका तीन जना छोराहरू मारिएका छन् ।

हमास नेता हनियाले इजरायलले बदलाको भावनाबाट प्रेरित भएर निहत्था व्यक्तिको हत्या गरेको बताउनुभएको छ ।

इजरायली सेनाले पनि बुधबार गाजामा हवाई हमला गरिएको पुष्टि गरेको छ । गाजामा आतङ्कवादी क्रियाकलापमा संलग्न रहेको पाइएपछि हवाई आक्रमण गर्नुपरेको सेनाको भनाइ छ ।

हमासका अनुसार उक्त आक्रमणबाट हमास नेता हनियाका तीन नातिनातिनाको पनि मृत्यु भएको छ ।

अल-जजिरा टेलिभिजनसँगको अन्तर्वार्तामा हनिएले आफ्ना सन्तानको हत्या भए पनि हमासले इजरायलप्रति नरम नीति अख्तियार नगर्ने र आफूहरू नझुक्ने बताउनुभएको छ ।

हाल अन्तर्राष्ट्रिय पहलमा इजरायल र हमासबिच युद्धबिराम गर्ने गरी वार्ताहरू भइरहेका छन् ।

हानियाले सन् २०१९ मा गाजा छाड्नु भएको थियो । उहाँ हाल कतारमा निर्वासित जीवन बिताइरहनुभएको छ । गाजामा अहिले हमासका शीर्ष नेताका रूपमा येह्या सिन्वार हुनुहुन्छ । सिन्वारकै योजनाबमोजिम गत अक्टोबर ७ मा इजरायलभित्र हमासले आक्रमण गरेको थियो । यस आक्रमणमा कम्तीमा एक हजार २०० इजरायलीको मृत्यु हुनुका साथै दुई सयभन्दा बढीलाई अपहरण गरिएको थियो ।

हमासको आक्रमणपछि इजरायलले गाजामा गरेको सैनिक कारबाहीमा ३३ हजारभन्दा बढी व्यक्तिको ज्यान गइसकेको हमासको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# स्विट्जरल्यान्डले युक्रेन शान्ति सम्मेलन गर्ने

जेनेभा (स्विट्जरल्यान्ड), ११ अप्रिल (एएनआई) । स्विट्जरल्यान्डका विदेशमन्त्री इग्नाजिओ क्यासिसले दुई वर्ष लामो युद्धपछि युक्रेनमा शान्तिको मार्ग तय गर्ने उद्देश्यले सन् २०२४ को जून महिनामा उच्चस्तरीय अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने बताउनुभएको छ ।

सम्मेलनमा सयभन्दा बढी देशका प्रतिनिधिको सहभागिता रहने विदेशमन्त्री इग्नाजिओले बताउनुभएको छ ।

उहाँले स्विट्जरल्यान्डले युक्रेनमा हृदयदेखि नै शान्तिको चाहना गरेको छ भन्दै यो प्रयासले सार्थक नतिजा हासिल गर्ने अपेक्षा गरिएको बताउनुभएको छ ।

यसैबिच स्वीस विदेश मामिला विभागको प्रेस विज्ञप्तिमा स्विट्जरल्यान्डले युक्रेनमा शान्ति सम्बन्धी उच्चस्तरीय सम्मेलन सन् २०२४ जून महिनामा बर्गेनस्टकमा आयोजना हुने अपेक्षा गरिएको उल्लेख छ ।

सम्मेलनको उद्देश्य अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रको बडापत्रमा आधारित रहि युक्रेनमा न्यायपूर्ण र स्थायी शान्तिका लागि उच्चस्तरीय संवादको मञ्च प्रदान गर्नु हो । यस सम्मेलनमा विभिन्न मुलुकका राष्ट्राध्यक्ष र सरकार प्रमुखहरूको सहभागिता रहने छ ।

प्रेस विज्ञप्तिका अनुसार, स्विट्जरल्यान्डले द्वन्द्व समाधान र शान्तिको खोजीमा सक्रियरूपमा संलग्न रही युक्रेनको दिगो भविष्यलाई आकार दिन निरन्तर मद्दत गरिरहेको छ ।

यसैबिच, सन् २०२४ जनवरी १५ मा युक्रेनी राष्ट्रपति जेलेन्स्कीको बर्न भ्रमणको क्रममा स्विट्जरल्यान्ड र युक्रेनले न्यायपूर्ण र स्थायी शान्ति स्थापनाका लागि आगामी कदमहरूबारे छलफल गरेका थिए । परिणामस्वरूप स्विट्जरल्यान्डले उच्चस्तरीय सम्मेलन आयोजना गर्न सहमत भयो ।

# मङ्गोलियाको जीडीपी सन् २०२४ मा ४.१ प्रतिशत बढ्ने अनुमान

उलानबटोर, ११ अप्रिल (सिन्ह्वा) । मङ्गोलियाको कुल गार्हस्थ्य उत्पादन ( जीडीपी) सन् २०२४ मा ४.१ प्रतिशतले बढ्ने अनुमान गरेको छ । एसियाली विकास बैङ्क (एडीबी) का अनुसार मङ्गोलियाको जीडीपी यो सन् २०२३ मा सात प्रतिशतले वृद्धि भएको थियो ।

सन् २०२४ मा खानी र उच्च सरकारी लगानीका कारण आर्थिक वृद्धिमा केही टेवा पुग्नेछ । तर, मङ्गोलियामा यस वर्ष चिसोका कारण कृषि क्षेत्रमा सङ्कुचन आउने अनुमान एडीबीले गरेको छ ।

प्रतिवेदनमा, बैङ्कले सन् २०२५ मा मङ्गोलियाको जीडीपी वृद्धि छ प्रतिशतमा पुग्ने अनुमान गरेको छ । जून कृषि क्षेत्रको सुधार, खानी विस्तार र सेवाहरूको वृद्धिबाट सम्भव हुनेछ ।

सन् २०२३ मा मङ्गोलियाली अर्थतन्त्र बलियो देखिएको बताउँदै यही प्रवृत्ति जारी रहने मङ्गोलियाका लागि एडीबीका निर्देशक श्यानन काउलिनले बताउनुभयो ।

"यस वर्ष, मौसम-सृजित प्रकोपबाट आर्थिक वृद्धि प्रभावित भई कृषि क्षेत्रमा उल्लेखनीय असर पारेको छ । अप्रिलको सुरुसम्ममा ६० लाखभन्दा बढी गाईवस्तु मरेका छन् भने यो सङ्ख्या बढ्ने क्रममा रहेको छ," उहाँले उल्लेख गर्नुभएको छ ।

## विश्व सङ्क्षेप

# पाकिस्तानमा ट्रक दुर्घटना १७ जनाको मृत्यु, ३५ घाइते

इस्लामावाद, ११ अप्रिल (सिन्ह्वा) । पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको हब जिल्लामा भएको ट्रक दुर्घटनामा कम्तीमा १७ जनाको मृत्यु हुनुका साथै ३५ जना घाइते भएको स्थानीय उद्धार सेवाले बिहीबार पुष्टि गरेको छ ।

हब जिल्लाको गुलाम हुसेन चत्ता क्षेत्रमा धार्मिक तीर्थयात्रीहरू बोकेको ट्रक बुधबार राति दुर्घटनामा परेको उद्धार सेवाका स्थानीय प्रतिनिधि अब्दुल हकिमले जानकारी दिनुभयो ।

उच्च गतिका कारण चालकले गाडीको नियन्त्रण गुमाउँदा उक्त घटना भएको पनि हकिमले घाइतेको भनाइ उद्धृत गर्दै बताउनुभयो ।

दुर्घटनाको जानकारी पाएलगत्तै उद्धारकर्मीहरू घटना स्थलमा पुगी घाइतेहरूको उद्धार गरी स्थानीय अस्पतालमा लगेका थिए । कतिपय गम्भीर घाइतेलाई थप उपचारका लागि दक्षिणी बन्दरगाह सहर कराँची लगिएको छ ।

तीर्थयात्री बोकेको ट्रक सिन्ध प्रान्तको थट्टा जिल्लाबाट बलुचिस्तानको खुजदार जिल्लातर्फ जाँदै थियो ।

सवारी साधनको मर्मतसम्भारमा लापरवाही, भत्किएका सडक र सडक सुरक्षामा लापरवाहीका कारण पाकिस्तानमा बर्सेनि ठुलो सङ्ख्यामा सवारी दुर्घटना हुने गरेका छन् ।

# म्यान्मारद्वारा झन्डै नौ अर्ब डलरका सामान निर्यात

याङ्गुन, ११ अप्रिल (सिन्ह्वा) । म्यान्मारको वाणिज्य मन्त्रालयले आर्थिक वर्ष सन् २०२३-२४ मा म्यान्मारले आठ अर्ब ८० करोड अमेरिकी डलर बराबरको कारखानाबाट उत्पादित सामान निर्यात गरेको जनाएको छ ।

यद्यपि, यो निर्यात अघिल्लो आर्थिक वर्ष सन् २०२२-२३ को तुलनामा केही कमी हो । मन्त्रालयका अनुसार सन् २०२२-२३ मा म्यान्मारले १० अर्ब ९४ करोड डलर बराबरका सामान निर्यात गरेको थियो ।

मन्त्रालयका अनुसार सरकारी क्षेत्रबाट तीन अर्ब ३० करोड तथा निजी क्षेत्रका उपक्रमबाट पाँच अर्ब ५० करोड अमेरिकी डलर बराबरको निर्यात भएको छ । सन् २०२३-२४ मा सबै किसिमका सामानको कूल निर्यात भने १४ अर्ब ६० करोड डलर बराबर भएको मन्त्रालयको भनाइ छ ।

म्यान्मारले कारखानाबाट उत्पादित सामग्री र कृषि उत्पादनबाट सर्वाधिक बढी वैदेशिक मुद्रा आय गर्दछ । म्यान्मारले कृषि, पशु, खनिज, वन्यजन्य समेतका वस्तुहरू चीन, थाइल्यान्ड, बंगलादेश र भारततर्फ सबैभन्दा बढी निकासी गरिरहेको छ ।

# भारतमा बस दुर्घटना, छ जना स्कूले बालबालिकाको मृत्यु

नयाँदिल्ली, ११ अप्रिल (सिन्ह्वा) । भारतको उत्तरी राज्य हरियाणामा बिहीबार स्कूल बस दुर्घटना हुँदा त्यसमा सवार कम्तीमा छ जना विद्यार्थीको मृत्यु हुनुका साथै एक दर्जनभन्दा बढी घाइते भएको स्थानीय प्रहरीले जनाएको छ ।

जि.एल. पब्लिक स्कूलका करिब ४० जना विद्यार्थी बोकेको बस कानिना क्षेत्रमा दुर्घटना भएको थियो ।

प्रारम्भिक रिपोर्टमा ड्राइभरले गाडी उच्च गतिमा लापरवाहीपूर्ण रूपमा चलाएका कारण दुर्घटना भएको जनाइएको छ ।

एक मिडिया रिपोर्टमा बसका घाइते बच्चालाई उद्धृत गर्दै बस चालकले मदिरा सेवन गरी तीव्र गतिमा बस चलाएका बताएको छ ।


## हार्दिक समवेदना



जन्म
१९९०/०२/१९

निधन
२०८०/१२/१९

लुजः पुच ग्वाली गुठीका सहसचिव केशवकुमार श्रेष्ठ तथा सदस्य टुकुनारायण श्रेष्ठका पिता, सहकोषाध्यक्ष लक्ष्मीप्रसाद श्रेष्ठका ससुरा साथै सदस्यहरू मोहनकुमार श्रेष्ठ र रिनोज श्रेष्ठ (पिता ससुरा र नातिहरूको) **टेकबहादुर श्रेष्ठ**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

### लुजः पुच ग्वाली गुठीका सदस्यहरू

कृष्णराम खोटेजा
लक्ष्मीकृष्ण तज
न्हुच्छेभक्त कोजु
रामप्रसाद श्रेष्ठ
रामचन्द्र जोशी
प्रकाश तज
मानकुमार श्रेष्ठ
रामेश्वर बमनु
राजाराम तज
रमेश शिल्पकार
विकास तज
दयाराम राई
पुण्यराम श्रेष्ठ
रामेश्वर सुवाल
सुमन रानामगर
कृष्णकुमार बस्नेत
रामभक्त किवाछैं
नारायणभक्त श्रेष्ठ
उकेश शिल्पकार

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
**Shree Barahi Saving & Credit Co-operative Society Ltd.**
ACCESS BRONZE
भुलाँचा-४,भक्तपुर, फोन नं. ६६११३६४

## ब्याजदर परिवर्तनसम्बन्धी सूचना

२०८० चैत २८ गते बसेको सञ्चालक समितिको निर्णयअनुसार मिति २०८१ वैशाख १ गतेदेखि लागु हुने गरी तपसिलबमोजिमका ब्याजदर कायम हुने व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बचत शीर्षक | | |
|---|---|---|
| क्र.सं | बचत खाता | संशोधित ब्याजदर |
| १ | नियमित बचत | ६.७५ |
| २ | बाराही संचित बचत | १० |
| ३ | बाल बचत | ८ |
| ४ | खुत्रुके बचत | ६ |
| ५ | पेन्सन बचत | ११ |
| ६ | महशुल बचत | ६ |
| ७ | कारोबार बचत | १२.१५ |
| ८ | गहना बचत | ६ |
| ९ | सवारी साधन बचत | ६ |
| १० | शैक्षिक बचत | ६.५ |
| ११ | शेयर लाभांश बचत | ६.५ |
| १२ | ऐच्छिक बचत | ५ |
| १३ | दैनिक बचत | ५.५ |

| क्र.स | आवधिक बचत | ब्याजदर | | |
|---|---|---|---|---|
| | | एकमुष्ट भुक्तानी | त्रैमासिक भुक्तानी | मासिक भुक्तानी |
| १ | ३ महिने | ७.२५ | | |
| २ | ६ महिने | ७.७५ | ७.५ | ७.५ |
| ३ | १ वर्षदेखि माथि | ८.७५ | ८.५ | ८.२५ |

***६0 वर्ष नाघेका बृद्ध सदस्यहरूको (३ महिनेदेखि १वर्ष) आवधिक बचतमा कायम ब्याजदरमा 0.२५ प्रतिशत थप हुनेछ ।***

**संस्थाको ऋणको ब्याजदर सम्बन्धमा**

संस्थाको ऋण विभिन्न शीर्षकहरुमा हाल कायम ब्याजदर मा ०.२५ प्रतिशतले घटाइ लागु गरिने निर्णय गरिएकोछ ।

## शुभकामना

**संस्थाका सम्पूर्ण सदस्यहरू तथा शुभचिन्तकहरूमा नयाँ वर्ष २०८१ एवं बिस्का नखाः को उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।**

***श्री बाराही साकोस परिवार***

***पथप्रदर्शकहरूले...***

गन्तव्यस्थलको रूपमा विकास गर्न पथप्रदर्शकहरूले सही सूचना प्रदान गर्नुका साथै पर्यटकहरूको मनछुने तरिकाले व्याख्या र विश्लेषण गर्नुपर्ने बताउनुभयो। पथप्रदर्शकको अध्ययन गर्ने बानी बसाल्न समय समयमा परीक्षा र पुनर्ताजगी कार्यक्रमहरू गर्नुपर्ने उल्लेख गर्दै उहाँले पर्यटकहरूको बसाइँ लम्ब्याउन पथप्रदर्शकहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो।

भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक गौतमप्रसाद लासिवाले पथप्रदर्शकहरूले व्यक्तिगत स्वार्थभन्दा सामूहिक हितमा ध्यान दिनुपर्नेमा जोड दिँदै सानो सानो लोभमा फसेर सामूहिक र संस्थागत लाभलाई हानि हुने काम गर्न नहुने बताउनुभयो । उहाँले पथप्रदर्शकहरू शिक्षित र सचेत हुनुपर्ने बताउनुभयो । उहाँले पुराना पथप्रदर्शक साथीहरूले अध्ययन र आफ्नो काममा निखार नल्याए नयाँ पथप्रदर्शकहरूले विस्थापित गर्ने सम्भावना हुन्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितका अध्यक्ष दिपेशराज शर्माले पथप्रदर्शकहरूको कार्यलाई थप व्यवस्थित गर्न दण्ड र पुरस्कारको व्यवस्था पनि हुने र आफ्नो व्यक्तित्व विकासको लागि आफैँ सक्रिय हुनुपर्ने र बोलीबचन नरम र सरल हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका सदस्य मञ्जु लाखा र पथप्रदर्शक प्रमेश लाखाले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

***पूर्वाञ्चल...***

विश्वविद्यालय तथा कलेजहरूले समयमा परीक्षाफल प्रकाशित गर्न सकेन भने विदेश जाने विद्यार्थीहरूलाई चाहेर पनि रोक्न नसक्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्काय सिभिल विषय समितिका संयोजक भोलानाथ शर्माले जनप्रतिनिधिहरू विद्यत वर्गले दिएको सल्लाहअनुसार चलेमा शिक्षामा उल्लेख्य सुधार आउने बताउँदै विद्यार्थीहरूको रुचि र चाहनाअनुसारको शिक्षा दिन नसके विद्यार्थीहरू बिदेसिन क्रम बढ्दै जाने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले २०६५ सालमा नेपालमै पहिलोपटक भूकम्पसम्बन्धी इन्जिनियरिङ अध्यापनको स्वीकृति प्राप्त भएको स्मरण गर्दै हालसम्म स्नातकोत्तर तहमा २७१ जना विद्यार्थीहरूले भर्ना भई अध्ययन गरेको कलेजको तथ्याङ्क रहेको बताउनुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालयका सहायक डीन हेमन्त गोइतले कार्याशाला गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै विषय प्रवेश गर्नुभयो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना तथा २०८० सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेहरूबाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले २०८० सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८१ वैशाख २० गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित भनपा प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ ।

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### हार्दिक मङ्गलमय शुभकामना



**बिस्का जात्रा तथा नव वर्ष २०८१ सालको उपलक्ष्यमा सम्पूर्ण सदस्य एवं शुभ-चिन्तकहरूमा सुख, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना ।**



### गतिविधि





भक्तपुरको ऐतिहासिक बिस्का जात्रालाई संयमित, मर्यादित एवं शान्तिपूर्णरूपमा भव्यताका साथ सम्पन्न गर्न सद्भाव ¥यालीमा संस्थाका समिति, उपसमिति, संस्थापक तथा व्यवस्थापनको सहभागिता । चैत २७





बिस्का जात्रा र नव वर्ष २०८१ सालको शुभकामना आदानप्रदान कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाई र संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु । चैत २८

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
ACCESS BRONZE
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
*Serving Your Financial Needs*
*Class 'C' Financial Institution Authorised by Nepal Rastra Bank*
**Head Office:** Kupondole, Lalitpur, **Tel:** 01-5970005, **Email:** info@centralfinance.com.np

## RATE OF INTEREST

**Effective from 1st Baisakh 2081 (13/04/2024)**

**Fixed Deposit**

| Tenure | Interest Rate (%p.a) | |
|---|---|---|
| | Individual | Institutional |
| 3 months | 7.75% | - |
| 6 months | 8.00% | 7.00% |
| 9 months | 8.25% | 7.25% |
| 1 year and below 2 years | 8.50% | 7.50% |
| 2 years | 8.75% | 7.75% |
| 3 years | 9.00% | 8.00% |
| Remittance Fixed Deposit | Plus 1.00% on Stated Rate | |

**Interest Rate of Saving Deposit : 5.75% - 6.50% p.a.**

**Loan and Advances**

| Particulars | Interest Rate (%p.a) |
|---|---|
| Working Capital Loan | Base Rate + upto 5.00% |
| Business Term Laon | Base Rate + upto 5.00% |
| Hire Purchase Loan | Base Rate + upto 5.00% |
| Home Loan | Base Rate + upto 5.00% |
| Real Estate Loan | Base Rate + upto 5.00% |
| Agriculture / SME Loan | Base Rate + upto 5.00% |
| Personal Loan (OD) | Base Rate + upto 5.00% |
| Personal Term Loan | Base Rate + upto 5.00% |
| Professional Loan | Base Rate + upto 5.00% |
| Deprived Sector | Base Rate + upto 5.00% |
| Margin Nature Loan | Base Rate + upto 5.00% |
| Others Loan Products | Base Rate + upto 5.00% |
| All Fixed Interest Rate Loan Products | 17.00% |
| FD Loan (FD Rate or Base Rate whichever is higher) | + 2% |
| Base Rate of Falgun, 2080 | 11.37% |

www.centralfinance.com.np

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा